# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वि.सं. २०१७ साउन २ गते पाँचथर जिल्लाको अमरपुर गाउँमा जन्मिएका कृष्ण धारावासीका उपन्यासहरुमा शरणार्थी (२०५६), आधाबाटो (२०५९), झोला (२०६०), राधा (२०६२), तपाईं(२०६४), टुँडाल (२०६५) आदि रहेका छन् । उनी पौराणिक घटनाक्रमका आधारमा नेपाली समाजमा व्याप्त रहेका विभिन्न समस्याहरुलाई दुरुस्त रुपमा चित्रण गर्न सफल देखिछन् । राधा (२०७०) उपन्यास ऐतिहासिक तथा पौराणिक विषयवस्तुमा आधारित उपन्यास भएकाले कृष्ण र राधाको वास्तविक सम्बन्ध र उनीहरुसँग जोडिएको प्रत्येक घटनाहरुको चर्चा गरिएको छ । अतः यस शोध अध्ययनमा कृष्ण धारावासीको राधा उपन्यासका कथानक तथा पात्रहरुको अध्ययन विश्लेषण गरी  निष्कर्षमा पुग्ने उद्देश्य राखी शोधकार्य सम्पन्न गरिएको छ । यसका लागि कथानक र पात्रविधानका शैलीवैज्ञानिक सिद्धान्तलाई सीमाअनुकूल अनुसरण गरिएको छ ।

उपन्यास आख्यानात्मक विधा हो । यस विधाका वारेमा आजसम्म विशद् चर्चा परिचर्चा पाइए पनि आधुनिक खोज अनुसन्धानमा घटनालाई भन्दा चरित्रलाई प्रथामिकता दिने प्रवृत्तिले गर्दा विश्वचित्रमा नारी मनोभावहरुलाई खुलस्त पार्नका लागि पुरातनवादी पुरुष प्रधान सोचमा निर्मित कथा र पात्रीय भूमिकाको यथार्थ चित्रण एवम् परिवर्तन आवश्यक देखिन्छ । आज पनि कठिन जीवनयापन व्यतित गर्नुपर्ने बाध्यात्मक परिस्थिति ‘राधा’ उपन्यासमा समेटिएको छ । साथै राधा कृष्णबारे उब्जिएका कौतुहलता मेटाउने उद्देश्यले यो उपन्यास प्रकाशनमा आएको बुझिन्छ ।

यस शोधको प्रयोजन स्नातकोत्तर उपाधि हासिल गर्नु रहे पनि प्रस्तुत उपन्यास मदन पुरस्कार प्राप्त कृति रहेकोले विविध पक्षमा शोध अध्ययन अनिवार्य भए पनि यसमा यस शोध अध्ययनको मुख्य केन्द्र राधा उपन्यासको कथानकीय तथ्याङ्क प्रस्तुत गरी कथानक र पात्र विधानको शैलीवैज्ञानिक वर्गीकरणमा आधारित भएर अगाडि  बढ्दै शोधकार्य सम्पन्न गरिएको छ ।

## १.२. समस्याकथन

आधुनिक नेपाली उपन्यासका एक चर्चित उपन्यासकार कृष्ण धारावासीको 'राधा' उपन्यासमा प्रयुक्त कथानक र पात्रलाई प्राज्ञिक समस्या बनाइएको हुँदा प्रस्तुत शोध निम्नलिखित समस्यामा आधारित रहेको छ :

(१) शैलीवैज्ञानिक दृष्टिमा 'राधा' (२०७०) उपन्यासमा के-कति र कस्ता पात्रहरूको प्रयोग गरिएको छ ?

(२) शैलीवैज्ञानिक दृष्टिमा कथानकीय स्वरुप के-कस्तो रहेको छ ?

(३) शैलीवैज्ञानिक औपन्यासिक तत्वका आधारमा पात्र विधान कस्तो रहेको छ ?

## १.३. अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यलाई पूर्णता दिन माथि उल्लिखित समस्यामा केन्द्रित रही यस शोधका उद्देश्यहरूलाई निम्नानुसार निर्धारण गरिएको छ :

क) शैलैवैज्ञानिक दृष्टिले 'राधा' (२०७०) उपन्यासका पात्रहरुको प्रयोग अवस्था पत्ता लगाउनु,

ख) शैलीवैज्ञानिक दृष्टिमा कथानकीय तथ्याङ्क प्रस्तुत गर्नु,

ग) पात्रहरूको शैलीवैज्ञानिक चारित्रिक भूमिकाको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

कथानक र पात्रविधानसम्बन्धी प्रचलित शैलीवैज्ञानिक सैद्धान्तिक मान्यताका परिप्रेक्ष्यमा प्रस्तुत उपन्यासमा प्रयुक्त कथानक र पात्रहरुको अध्ययन-विश्लेषण गर्नु यस शोधको मूल उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनमा कथानक र पात्रहरुको सैद्धान्तिक व्याख्या-विश्लेषण गर्दै सोही आधारमा उपन्यासका कथानक र पात्रहरुको विश्लेषण गरिएको छ । साथै यसबाट पात्रविधान र कथानकसम्बन्धी अध्ययन गर्न चाहने अध्येता र अनुसन्धानकर्तालाई समेत यसले सहयोग पुऱ्याउने हुनाले शोधकार्यको औचित्य र महत्व स्वतः पुष्टि हुन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोध अध्ययनको क्षेत्र विस्तृत र व्यापक हुने हुनाले यसलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । यसर्थ उपन्यासकार कृष्ण धारावासीको 'राधा' (२०७०) उपन्यासको कथानक र पात्रको शैलीवैज्ञानिक अध्ययनमा मात्र केन्द्रित रहनु यस शोधकार्यको सीमा रहेको छ । यस

उपन्यासको कथानक र पात्र विधानका विषयमा गहन अध्ययन भएको नपाइनाले कथानक र पात्रविधानमा मात्र सीमित भएर मुख्य-मुख्य घटनाहरूको कथानकीय तथ्याङ्क र प्रमुख पात्र एवम् सहायक पात्रको मात्र विश्लेषण गर्नु यस अध्ययन कार्यको सीमा रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोध निम्न अध्यायमा विभाजित रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावोलकन वा सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्रीसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको पुनरावोलकन तथा सैद्धान्तिक अवधारणा

## २.१ विषय प्रवेश

उपन्यासकार कृष्ण धारावासी पौराणिक तथा नारी मनोवैज्ञानिक विषयवस्तुमा कथा लेख्ने आख्यानकार हुन् । उनको उपन्यासमार्फत् पुरुष र स्त्रीबीचको अन्योन्याश्रित सम्बन्धले वास्तविक जीवनमा आइपर्ने समस्याहरुलाई उजागर गर्दछ । कृष्ण धारावासीको राधा (२०७०) उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस उपन्यासमा गरिएका चर्चा र पूर्वकार्यहरुको समीक्षा यहाँ गरिएको छ ।

## २.२ पूर्वकार्यको समीक्षा

**सापकोटा, विवश** "राधा पुराण नै हो । पौराणिक घटनाहरुलाई आधुनिक ढाँचामा लेखिएको छ । यसमा हामीले सुन्दै, पढ्दै या टेलिभिजनमा हेर्दै आएको तर याद नगरेका कथा र पात्रहरुको आवाज उठाइएको छ । लेखकले परापूर्व कालदेखि नारीहरुले भोग्दै आएका पीडा तथा भेदभावहरुको निकै सुन्दर चित्रण गरेका छन् । उपन्यासको पहिलो आधा भाग पढ्दा कृष्णप्रति रिस उठ्छ भने दोस्रो आधा भागमा कृष्णको तर्फबाट स्पष्टीकरण दिइएको छ । तर कथा बीच भागमा पुग्दा नपुग्दै उपन्यासले आफ्नो मोमेन्ट हराउँछ र अल्छि लाग्दो बनिसकेको हुन्छ । साथै भगवानलाई समेत मान्छे भनिसकेको अवस्थामा 'अश्वत्थामा' जो मान्छे हुन् र तीन चार शताब्दी बाँचे भन्ने कुरा पचाउन मुस्किल पर्‍यो" (विवश सापकोटा, जनवरी २०१३, गु रिड्स डट कम) भन्ने कुराले राधा उपन्यासका वारेमा केही बोलिएको छ ।

**एस.आ.डी.** अनुसार "महान् उपन्यास पूर्णतया फरक शैलीमा रचिएको हो" (एस.आर.डी., २०१५, गुगल डट.कम) ।

**भट्टराइ, सचिन**द्वारा राधा उपन्यासका वारेमा यसो भनिएको छ- "यो उपन्यास चौपट्टै राम्रो छ । राधाको मनोवैज्ञानिक उठान र लेखकको अनुभूतिलाई अति सुन्दर तवरले व्याख्या गरिएको छ, माया गर्नुस्" (सचिन भट्टराई, २०१४, गुड रिड्स डट कम) ।

**पोखरेल, सागरले** "यो पुस्तक महान् छ । आम मानिसले खोजेको मायालाई फरक शैलीमा प्रस्तुत गरिएको छ" (पोखरेल, २०१५, गुड रिड्स डट कम) भनेका छन् ।

**चापागाई, शशाङ्क**ले राधा उपन्यासका वारेमा चर्चा गर्दै "यसको अति राम्रो पक्ष भनेको हो अन्त्य...जीवन, माया र लिङ्गीय मतभेदको बेजोड प्रतिविम्वन...महान कार्य हो" (चापागाई, २०१५, गुगल डट कम) भनेका छन् ।

**जोशी, सचिन**ले पनि राधा उपन्यासका वारेमा "यस कितावका जति आजका मितिसम्म सायद अरु कुनै किताबले मलाई यदि धेरै मन्त्रमुग्ध र प्रभावित बनाएको स्मरण छैन । नारीमाथि परापूर्वकालदेखि नै हुँदै आएको अन्याय, नारीले पनि विवश भएर भोग्दै र सहँदै आएको पीडा, युद्धका नाममा हुँदै आएका पाप संहार अनि कुनै घटनाका एकपक्षीय मात्र व्याख्याले ल्याउने अन्यौलतालाई बडो रोचकतासँग आख्यानका रुपमा 'राधा' लाई पस्केका छन् कृष्ण धारावासीले । नेपाली साहित्यको एक अनमोल कृति हो मेरो लागि 'राधा' " ( सचिन जोशी, २०१५, गुड रिड्स डट कम) भनेर आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

यस उपन्यासका कथानक र पात्रहरुको विस्तृत अध्ययन कहीँ कतै पाइँदैन । सामान्य टीकाटिप्पणीका भरमा अध्ययन भएकोलाई पूर्ण अध्ययन मान्न सकिँदैन ।

दाहाल (२०६१) द्वारा **नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । चरित्रचित्रण, भाषिक चयन र विश्लेषणका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । पात्रहरूको वर्गीकरण र विश्लेषण लिङ्ग, कार्य प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा गरिएको छ । यसका साथै भाषिक चयन, विचलन र समानान्तरताका आधारमा कृति मौलिक रहेको कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

अधिकारी, (२०६३), द्वारा **कुञ्जिनी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस शोध कार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिलाई अँगालिएको छ, साथै निर्दिष्ट कृतिबाट प्राप्त वस्तुगत तथ्याङ्कलाई भाषिक तथा संरचनात्मक शैलीवैज्ञानिक पद्धतिका आधारमा विश्लेषण गरिएको छ । यस शोधमा शोधपरिचय, शैलीविज्ञानको सैद्धान्तिक परिचय, कथानकका आधारमा कुञ्जिनी खण्डकाव्यको विश्लेषण, चयनका आधारमा कुञ्जिनी खण्डकाव्यको विश्लेषण, चरित्रका आधारमा कुञ्जिनी खण्डकाव्यको विश्लेषण, समानान्तरताका आधारमा कुञ्जिनी खण्डकाव्यको विश्लेषण र निष्कर्ष गरी सात अध्याय रहेका छन् । यस शोधपत्रमा कुञ्जिनी खण्डकाव्यमा पदक्रम विचलन, लिङ्ग विचलन, विभक्ति विचलन उल्लेख भएको कुरा व्यक्त गरिएको छ ।

प्राकृतिक वस्तुलाई स्त्रीलिङ्गको आरोप गरेबाट उत्पन्न लिङ्ग विचलन, विभक्ति विचलनले अभिव्यक्तिमा रोचकता थपेको छ । समयवाचक तथा स्थानवाचक क्रियाविशेषणको चयन कृतिमा उल्लेख्य छ । नामयोगी र संयोजकको चयनमा सार्थकता देखिँदैन । दुःखान्त कथानकमा विशेषतः शोक बुझाउने विस्मयादिबोधकको चयन र कृतिमा करुण रसलाई सघन तुल्याउन सहयोगी बनेको कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गएिको छ ।

धमला (२०६५) द्वारा **समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । यो शोधपत्र छ अध्यायमा विभाजित छ । कथानक र चरित्रका आधारमा **सामानान्तर आकाश** उपन्यासको विश्लेषण गर्नु यस शोध अध्ययनको उद्देश्यका रूपमा रहेका छन् । यसमा सामग्री सङ्कलनपश्चात् विश्लेषणात्मक शोधविधिको प्रयोग गर्नुका साथै भाषिक एवम् संरचनात्मक विश्लेषण पद्धति अवलम्बन गरिएको छ । छ अध्यायमा यसलाई प्रस्तुत गरिएको छ । समानान्तर आकाश उपन्यास भाषाको मानक प्रयोगको सीमाभित्र नै बसेर रचना भएको उपन्यास हो । उपन्यासमा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग प्रशस्त गरिएको पाइन्छ । अल्पविराम चिह्न र प्रश्नवाचक चिह्नको प्रयोग विशिष्ट अर्थमा भएकाले महत्वपूर्ण देखिएको कुरालाई निष्कर्षका रूपमा व्यक्त गरिएको छ ।

आचार्य (२०६६) द्वारा **विप्लव ढकालका कवितामा भाषिक विचलन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । प्रस्तुत शोधकार्य स्नातकोत्तर तहको प्रयोजनका लागि तयार गरिएको हो । यसलाई चार अध्यायमा विभाजन गरिएको छ । यसमा सामग्री सङ्कलनका लागि सम्बद्ध पुस्तक र पत्रपत्रिकाहरूको अध्ययन गर्दै अनुसन्धेय कृतिका लेखकसँग प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा जानकारी लिइएको छ । साथै कृति विश्लेषणका लागि पुस्तकालय विधि प्रयोग गरिएको छ । ढकालले आफ्ना कवितामा अर्थ विचलनलाई विशेष गरी सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक क्षेत्रका विकृति र विसङ्गति व्यक्त गर्नका लागि प्रयोग गरेको कुरा बताएका छन् । विचलनका माध्यमबाट उनले आफ्ना कवितामा चित्रात्मक सौन्दर्यको अन्वेषण गर्न लेखप्रक्रियात्मक विचनलनको विशिष्ट प्रयोग गरेका कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

गौतम (२०६७) द्वारा **नेपाल आमा बाल कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा भाषिक विचलनको अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइन्छ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिलाई मुख्य आधार बनाइएको यस शोधकार्यमा विश्लेषणात्मक

शोधविधिको प्रयोग गरिएको पाइन्छ । साथै भाषिक एवम् संरचनात्मक शैलीवैज्ञानिक विश्लेषण पद्धति अँगालिएको छ । **नेपाल आमा बाल कविता सङ्ग्रह**मा भाषिक विचलनको खोजी गरी विश्लेषण गर्नु र कवितामा प्रयुक्त विचलनले कस्तो भाषिक सौन्दर्य निर्माण गरेको छ पत्ता लगाउनु यस शोधका प्रमुख उद्देश्य हुन् । यस शोधमा चार अध्याय रहेका छन् । रामबाबु सुवेदीले आफ्ना कवितामा खास गरी व्याकरणिक विचलनको पदक्रम विचलनलाई बढी जोड दिएका छन् । त्यस्तै अर्थ विचलनलाई पनि कवितामा प्रयोग गरेका छन् । कविताका कतिपय शीर्षकहरू विचलित रहेको धारणालाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ ।

कटवाल (२०६९) द्वारा **अग्रभूमि निर्माणका दृष्टिले 'एक हातको ताली' निबन्धको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । सामग्री सङ्कलनपश्चात् विश्लेषणात्मक र निगमनात्मक शोधविधिको प्रयोग गरिएको छ । विचलनका आधारमा कृतिको विश्लेषण गर्नु र **एक हातको ताली** निबन्धमा रहेका बाह्य समानान्तरता र आन्तरिक समानान्तरता खुट्याउनु प्रमुख उद्देश्य रहेको यस शोधमा पाँच अध्याय रहेका छन् ।

**एक हातको ताली** निबन्धमा आत्मप्रकटीकरण, निजात्मकता र यथातथ्य प्रस्तुतिसहित वैयक्तिक, सामाजिक, भोगाइ, जीवनका सङ्गतिहीनता र कुरूप यथार्थको चित्रण गरेका छन् । सौन्दर्य चेतना र जीवन चेतनाको प्रभावकारी अभिव्यञ्जनाको लागि अर्थतात्विक विचलन, व्याकरणिक विचलन, कोशीय विचलन अन्य विचलनभन्दा शक्तिशाली रहेका छन् । एउटै उदाहरणमा अर्थ विचलन, प्रयुक्ति विचलन, कोशीय विचलन र पदक्रम विचलनलाई सफलताका साथ प्रयोग गरेको कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

**थापा, बद्री** (२०७२) द्वारा 'सेतो धरती' उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोध अध्ययन भएको पाइन्छ । उक्त शोध अध्ययनमा 'सेतो धरती' उपन्यासकी पात्र तारामै केन्द्रित भएर नेपाली समाजमा नाबालक अवस्थामै विधुवा भई कठीन जीवन जिउन बाध्य नारीहरुको पीडादायी अवस्थालाई चित्रण गरिएको छ ।

राधा उपन्यासमा पनि नारी जीवनको महत्वलाई ओझेलमा पारिएको धार्मिक, पौराणिक ऐतिहासिकतालाई अनुसन्धान गरिएको हुनाले यस शोधकार्यमा राधा (२०७०) उपन्यासमा रहेका पात्रहरुको र कथानकीय घटनासन्दर्भको शैलीवैज्ञानिक अध्ययन गर्ने र निष्कर्षमा पुग्ने उद्देश्य राखिएको हो ।

## २.३ पूर्वाध्यानको उपादेयता

यस शीर्षक सम्बद्ध पूर्वाध्यानले प्रस्तावित शोधकर्तालाई पूर्ण रुपमा सहयोग नगरे पनि उपन्यासमा प्रयुक्त पात्रहरुको शैलीवैज्ञानिक अध्ययन अन्तर्गत विश्लेषणका लागि केही मार्गनिर्देश गर्ने हुनाले यसको उपदेयता रहेको छ ।

## २.४ सैद्धान्तिक अवधारणा

### २.४.१ उपन्यासको विधागत स्वरूप

उपन्यास साहित्यका विविध विधाहरुमध्ये लोकप्रिय विधा हो । उपन्यासमा मानव जीवनको सम्पूर्ण आयाम प्रस्तुत गरिएको हुन्छ । उपन्यासले मानव जीवनको सामीप्यता मात्र होइन वास्तविक जीवनलाई नै व्यक्त गर्दछ । मानव जीवनमा सत्य-तथ्य ऐतिहासिक तथ विविध पक्षको अनुकरणका साथै पुनः सिर्जन उपन्यासमा हुन्छ । उपन्यास आख्यान प्रधान हुने हुनाले यसले सहज रूपमा मनोरञ्जन प्रदान गर्दछ । जस्तोसुकै प्रविधि र प्रक्रियाको अनुसरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो । जीवनले सभ्यताको इतिहासमा जे-जस्ता तात्विक अन्तरणको निर्वाह गर्दै आयो त्यस्तै संयोजन विहीन जीवनको प्रस्तुति संयोजित रूपमा स्थापित गर्ने प्रयासस्वरुप औपन्यासिक संरचना निर्धारण गरिने प्रचलनको पनि आरम्भ भयो । समय, स्थान र व्यक्तित्वको मर्यादालाई पालना गरेर शैली र सीमाभित्र समग्र जीवन प्रस्तुत गर्नु सङ्क्षेपमा व्यक्त हुनु उपन्यासको स्वरूप हो (सुवेदी,२०६४:१४) ।

उपन्यास जीवनजगत्को ऐना भएकाले यसबाट जीवनजगत्का विविध कथा, व्यथा, व्याख्या आलोचना जस्ता विविध पक्षहरु छर्लङ्गिन्छन् । उपन्यास त्यस्तो विधा हो, जसले आधुनिक समाजको निर्माण गर्दछ । यसप्रकार उपन्यासमा जीवनका क्रियाकलापलाई प्रस्तुत गरिएको दृष्टिकोण र उद्देश्यमा चिन्तन र जीवनशैलीमा युगले थप्दै जाने, परिष्कार गर्दै जाने र नयाँ मूल्यको प्रतिष्ठा गर्दै जाने प्रवृत्तिको पनि विकास गर्दै जाने परम्परा र महत्वको ख्याल राखेर तिनीहरुलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वतन्त्र स्वरूप हो (**प्रधान, २०६१ :४**) । यसप्रकार उपन्यासको स्वतन्त्र स्वरूपले गर्दा उपन्यास सधैँ परिवर्तनशील र नवीन हुन्छ । उपन्यासको लेखन एवम् प्रकाशन पछि यसको व्याख्या-विश्लेषण तथा समालोचना पनि हुन थाल्यो । यिनमा निहित विशेषतालाई आधार बनाएर परिचय एवम् परिभाषा दिने क्रम पनि प्रारम्भ भयो ।

उपन्यासलाई **हेनरी फिल्डिङले** मनोरञ्जनपूर्ण महाकाव्य मानेका छन् (गैरे,२०६३,१६९) । उपन्यासलाई विद्वानहरुले महाकाव्यका रूपमा पनि चिनाइने गरेको पाइन्छ । अब्राहमले विस्तारित गद्यको सोझो विशेषता भएका सबै खाले कृत्तिलाई उपन्यास मानेका छन् (**बराल र एटम,** पूर्ववत्) । **डी एच लरेन्सका अनुसार** -"उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्व अन्य कला र साहित्य भन्दा स्वाभाविक रूपले बढी छ" (**एटम र बराल, पूर्वव्** ) । यसरी लरेन्सले अन्य साहित्यभन्दा उपन्यासको महत्व बढी भएको कुरा व्यक्त गरेका छन् । उपन्यास अन्य साहित्यका तुलनामा पाठक वर्गले धेरै मन पराउने भएकाले यसको महत्व दिन प्रतिदिन बढदै गएको पाइन्छ । राल्फ फक्सले **"द नोभल"** मा उपन्यासको परिभाषा गर्दै भन्दछन् -"उपन्यास कला नै पहिलो कला हो, जसले मानव जीवनको सम्पूर्ण अङ्गलाई अभिव्यक्त गर्ने प्रयास गर्छ" (**गैरे ,२०६३:१६९**) । उनले उपन्यासलाई मानवको सम्पूर्ण जीवन अभिव्यक्त गर्ने कलाका रूपमा लिएका छन् । त्यस्तै **नेपाली बृहत् शब्दकोशका अनुसार** -" धेरै अध्याय वा खण्डहरुमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो" (**गैरे, पूर्ववत्** ) । **कृष्णचन्द्र सिंह प्रधानले** उपन्यासलाई मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति मानेका छन् (प्रधान, २०६१) **। राजेन्द्र सुवेदी** उपन्यासको परिभाषा दिँदै भन्दछन् "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ" (पूर्ववत्, २०६४:१०) ।"

यसरी विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले उपन्यासको परिभाषा गरेको पाइन्छ ।

उपर्युक्त परिभाषाको अध्ययन गर्दा निष्कर्षमा उपन्यास मानव सभ्यताका विविध पक्षमाथि आधारित घटना शृङ्खलाको यथार्थ वा अतिरञ्जनात्मक बृहत् आकारको गद्यपरक कलात्मक अभिव्यक्ति मात्र नभई मानव सभ्यता निर्माणको पथप्रदर्शन पनि हो । यसमा मानव जीवन जगत्का सम्पूर्ण पक्षलाई यथार्थ रूपमा समेटिएको हुन्छ भन्ने देखिन्छ ।

यसप्रकार **राधा** उपन्यासलाई हेर्ने हो भने यसमा पनि पौराणिक इतिहासमा प्रचलित कृष्णका अनेकौं लीलासँग जोडिएकी पात्र राधाको महत्वपूर्ण भूमिकालाई इतिहासले यथार्थ रुपमा अङ्कन गर्न नसकेको कुरालाई प्रकाशमा ल्याइएको र राधाको त्यागमय जीवनले नै कृष्णको जीवनमा व्यापक मोड आएको तथ्य सारिएको हुँदा प्रस्तुत उपन्यासमा सन्दर्भित हुन आएका कथानक र पात्रहरुलाई समेटी त्यसलाई शैलीवैज्ञानिक मान्यतानुसार अध्ययन गर्नु सान्दर्भिक हुन आएको हो ।

## २.४.२.उपन्यासका तत्वहरू

औपन्यासिक स्वरुप निर्माण गर्न चाहिने आवश्यक उपकरणलाई औपन्यासिक तत्व वा औपन्यासिक उपकरण भनिन्छ । यही औपन्यासिक स्वरुप र विषयगत विविधताका आधारमा औपन्यासिक तत्वहरु विभिन्न किसिमको रहेका कुरा विभिन्न विद्वानहरुले औंल्याएका छन् । राजेन्द्र सुवेदीले उपन्यासका तत्वहरु यति नै हुन्छन् भनेर ठोकुवा गर्न नसकिने बताउँदै वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई उपन्यासका आधारभूत तत्वहरुका रूपमा लिएका छन् (**सुवेदी,** २०६४:१७) । त्यस्तै कृष्णचन्द्रसिंह प्रधानले उपन्यासका आधारभूत तत्वहरुका रूपमा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई औँल्याएका छन् (**प्रधान,** २०६१:७) । त्यस्तै ऋषिराज बरालका विचारमा उपन्यासका तत्वहरुमा कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषाशैली, परिवेश रहेको पाइन्छ (**बराल,** २०५६:२६) । यी विभिन्न विद्वानहरुका मतलाई हेर्दा कथानक, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्यलाई उपन्यासको मुख्य तत्व मान्न सकिन्छ । प्रस्तुत अध्ययनमा अन्य तत्वहरुका तुलनामा मुख्य-मुख्य तत्व कथानक र पात्रहरूको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेकोले उपन्यासको कथा र चारित्रिक तत्वमा नै शोध विश्लेषण केन्द्रित रहेको छ ।

### २.४.२.१ कथानकको परिचय र विश्लेषणका आधारहरू

### क. कथानकको परिचय

कथानक आख्यान विधाका निम्ति अत्यन्त महत्वपूर्ण तत्व हो । कथा साहित्यको आख्यान विधा भएकाले यसमा पनि कथानकको भूमिका महत्वपूर्ण हन्छ । कथानकलाई उपन्यासको उद्देश्य र सन्देशसँग सम्बन्धित गराइएको हुन्छ (दाहाल, ०६१ : ७३) । कथानक घटना, कार्य र कार्य व्यापार मिलेर निमार्ण भएको हुन्छ ((दाहाल, ०६१ : ७३) । कथानक पात्र र विचारसित जोडिएको हुन्छ । कथानक विचार प्रकटीकरणका लागि घटना र चरित्रमार्फत् क्रियाशील हुने गति हो (दाहाल, ०६१ : ७३) । उपन्यासमा घटनावलीको योजना अथवा अभिरेखा अथवा ढाँचालाई कथानक भनिन्छ (ऐजन्) । निम्नलिखित प्रश्नका जवाफमा आउने कुरा कथानक हुन्छ ।

त्यो किन घटित भयो ?

त्यो किन घटित हुँदैछ ?

अव के हुन्छ र किन ?

### ख. कथनाक विश्लेषणका आधार

कथानकलाई फ्रेटागको पिरामिडमा राखेर पनि विश्लेषण गर्ने गरिन्छ (दाहाल, ०६१ : ७३) । जसअनुसार चिनारी, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच खण्ड रहेका हुन्छन् । यसको प्रयोग खासगरी उपन्यासको कथानक विकासलाई देखाउन उपयुक्त मानिन्छ । **राधा** उपन्यासका लागि भने शीर्षकीय आधारमा कथानकीय तथ्याङ्क प्रस्तुत गरी विश्लेषण गर्ने काम गरिएको छ ।

## २.४.२.२ चरित्र चित्रणसम्बन्धी शैलीवैज्ञानिक आधार

चरित्र वर्गीकरण तथा विश्लेषणमा शैलीवैज्ञानिक पद्धतिको महत्वपूर्ण भुमिका रहेको पाइन्छ । यो निकै प्रचलित पनि रहेको पाइन्छ । शैलीवैज्ञानिक आधारमा चरित्रको वर्गीकरण गर्दा पात्र बुनोटमा ध्यान दिइन्छ साथै पात्रहरुको नैतिक प्रकृति एवम् अभिवृत्तीय गुण तथा स्वभावलाई आधार बनाइन्छ (**लुइटेल, पूर्ववत् ४८**) । शैलीवैज्ञानिक आधारमा चरित्र वर्गीकरणका निम्नलिखित आधारहरु प्रचलित छन् ।

### क) लिङ्गको आधार

पात्रको शारीरिक जात छुट्याउने आधार लिङ्गको आधार हो । यस आधारमा उपन्यासका मानवीय पात्रहरु पुरुष र नारी गरी दुई प्रकारका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ (**बराल र एटम, पूर्ववतः२९**) । आख्यान मानव सभ्यताको अभिव्यक्ति भएका कारण यस विधामा नारी पुरुष दुवैथरी पात्रहरुको उपस्थिति यसमा हुन आवश्यक हुन्छ ।

### ख) कार्यको आधार

कार्यको आधारमा पनि आख्यानमा प्रयुक्त पात्रहरुको विश्लेषण गरिन्छ । उपन्यासमा आएका सवै पात्रको समान भुमिका हुँदैन । कथानकले विकासका विभिन्न मोडहरु पार गर्दै जाँदा विभिन्न पात्रहरु हराउने र देखिने हुन्छन् । उपन्यासकमा प्रयुक्त भिन्न-भिन्न पात्रका भिन्न-भिन्न भूमिका हुन्छ । यस आधारमा पात्रहरुलाई प्रमुख पात्र, सहायक पात्र, गौण पात्र तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

### अ) प्रमुख पात्र

जुन पात्रका माध्यमबाट औपन्यासिक कथानकले विकासका विभिन्न मोड पार गर्दै अन्तिम परिणतिसमेत प्राप्त गर्दछ, त्यसलाई प्रमुख पात्र भनिन्छ (प्रधान १९७२:६४५) । यसरी हेर्दा कार्य व्यापारमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने पात्र मुख्य पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रमुख पात्र सक्रिय रहन्छ । अन्य पात्रको तुलनामा यस पात्रले उपन्यासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले ऊ मुख्य पात्र हुन्छ । मुख्य पात्र उपन्यासको मेरुदण्ड पनि हो भन्न सकिन्छ ।

### आ) सहायक पात्र

कथावस्तुलाई अगाडि बढाउन प्रमुख पात्रलाई पूर्ण रुपमा सहयोग गर्ने पात्र सहायक पात्र हुन्छ । यसको भूमिका मुख्य पात्रसंग सम्वन्धित हुन्छ । मुख्य पात्रको चरित्रिक विकासमा प्रतिष्ठा र महत्ता प्रदान गर्नमा सहायक पात्रको भूमिका तीव्र र प्रभावकारी हुन्छ ।

### इ) गौण पात्र

कार्यव्यापारमा कम तर महत्वपूर्ण भूमिका गौण पात्रको हुन्छ । कथामा कार्यव्यापारको दृष्टिकोणले गौण पात्रको उपस्थिति छोटो समयका लागि हुन्छ । यस्ता खालका पात्रहरुको भूमिका त्यति विशिष्ट नदेखिए पनि घटनाक्रमको विकासमा स्तर अनुकूल भूमिका पूरा गरेका हुन्छन् । कथामा गौण पात्रको भूमिकालाई निकाल्दा खासै फरक नपरे पनि यसको स्थान महत्वपूर्ण नै रहेको पाइन्छ ।

### ग) प्रवृत्तिको आधार

पात्रहरुको प्रवृतिगत आधार पनि एक महत्वपूर्ण पक्ष हो । कुनै पात्रहरुले सकारात्मक र कुनै पात्रहरुले नकारात्मक भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गर्ने पात्र सत्पात्र र नकारात्मक भूमिका निर्वाह गर्ने पात्र असत् पात्र हुन् । सत्पात्रलाई अनुकूल र असत् पात्रलाई प्रतिकूल पात्र भनिन्छ । सत् पात्रले कथानक र उद्देश्यको विकासमा सकारात्मक भूमिका निर्वाह गर्दै पाठकहरुको मन जित्न सफल हुन्छन्, भने नकारात्मक भूमिका निर्वाह गर्ने पात्रहरुमा पाठकमा घृणा र तिरस्कार पैदा भएको हुन्छ ।

### घ) स्वभावको आधार

आख्यान मानव जीवनकै ऐना भएका कारण जीवनका प्रतिनिधिका रुपमा पात्रहरु रहेका हुन्छन् र ती पात्रहरुको स्वभाव पनि फरक-फरक रुपमा प्रस्तुत हुन्छ । स्वभावको आधारमा पात्रहरुको वर्गीकरण अन्तर्मुखी र बहिर्मुखी गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । अन्तर्मुखी पात्रहरु काल्पनिक र भावुक स्वभावका हुन्छन् । यिनीहरु जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने हुन्छन् । उनीहरु आफ्नै संसारमा रमाउन चाहने खालका हुन्छन् भने बहिर्मुखी पात्र बाहिरी वातावरणमा घुलमिल हुने स्वभावका हुन्छन् र जीवनलाई रमाइलोसँग बिताउनु पर्छ भन्ने खालका हुन्छन् ।

### ङ) जीवनचेतनाको आधार

समाजको सिङ्गो वर्ग वा समुहको प्रतिनीधित्व गर्नु वा नगर्नु नै प्रतिनिधित्वको आधार हुन्छ । कथामा प्रयोग भएका पात्रहरुको कार्य र भूमिकाद्वारा ऊ कुनै वर्ग समूहको प्रतिनिधित्व गर्छ भनी छुट्याउन सकिन्छ । यस आधारमा वर्गगत र व्यक्तिगत गरी पात्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ । कुनै समाज वा वर्ग जाति वा सम्प्रदायको प्रतिनिधित्व गर्ने पात्र वर्गगत पात्र हुन् भने आफ्नो निजी प्रवृत्ति, चरित्र र मूल्य भएको पात्र व्यक्तिगत पात्र हुन् । यस्ता पात्रले सिङ्गो समाज र वर्गको प्रतिनिधित्व गर्न सक्दैन आफ्नो हकहितका लागि लडिरहेको हुन्छ । व्यक्तिगत पात्रले सामूहिक समस्यालाई प्रस्तुत नगरी वैयाक्तिक धारणा र समस्यालाई प्रस्तुत गरेको हुन्छ ।

### च) आवद्धताको आधार

उपन्याससँगको पात्रको सम्बन्धलाई आवद्धता भनिन्छ । यसका आधारमा पात्रहरुको वर्गीकरण मुक्त र वद्ध गरी दुई प्रकारमा गरिन्छ । उपन्यासको कथानकसंग बाँधिएर आउने र उद्देश्यसंग सम्बद्ध अनिवार्य र सक्रिय भूमिका निर्वाह गर्ने पात्र बद्ध हो । यस्ता पात्रलाई हटाइ दिने हो भने उपन्यासको कथावस्तु अपूर्ण बन्न पुग्दछ । यिनको भूमिका कथानकसंग अनिवार्य रुपमा रहेको हुन्छ । यस्ता पात्रलाई  हटाउन मिल्दैन । मुक्त पात्र यी सबै कुराबाट स्वनन्त्र हुन्छ ।

### छ) आसन्नताको आधार

पात्रहरुले निर्वाह गर्ने भूमिकालाई आसन्नता भनिन्छ । धेरै पात्र पनि हुन्छन् । ती पात्रहरु मध्ये कोही पात्रले प्रत्यक्ष उपस्थित भएर कार्य सम्पन्न गर्छन् भने कोही पात्र चाहिँ सूच्य रुपमा उपस्थित भएर संकेतका रुपमा कार्य सम्पन्न गर्दछन् । यसकारण आसन्नता पनि चरित्र वर्गीकरणको महत्वपूर्ण आधार भएकाले आसन्नताका आधारमा पात्रको वर्गीकरण नेपथ्य र मञ्चीय गरी दुई वर्गमा गर्न सकिन्छ । प्रत्यक्ष उपस्थित भएर संवाद र कार्य गर्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । यस्ता पात्रले आफै उपस्थित भएर सक्रिय भूमिका निर्वाह गरेका हुन्छन् । प्रत्यक्ष कार्य नगर्ने पात्र नेपथ्य पात्र हुन् । कथयिताले यस्ता पात्रको नाम उच्चारण मात्र गरेका पनि हुनसक्छन, साथै यस्ता पात्रलाई कुनै संकेतद्वारा पनि प्रस्तुत गरिएको हुन्छ ।

### २.३.२.३ उपन्यासमा पात्रविधानको भूमिका तथा महत्व

पात्रविधानमा जीवन भोगाइसँग सम्बन्धित मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक आदि पक्षहरु विषयवस्तुका रूपमा समावेश भएका हुन्छन् । विषयवस्तुलाई कलात्मक र सुगठित बनाउनका लागि उपन्यासका तत्वहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासका विविध तत्वहरुमध्ये प्रमुख तत्व कथानक र चरित्र हो । चरित्र वा पात्रले नै उपन्यासको संरचनाको निर्माण गर्ने भएकाले यो बिना उपन्यास कल्पना पनि गर्न सकिँदैन । पात्रहरु कथानकका गतिका संवाहक हुन् । सम्वाद वा कथोपकथनको सम्बन्ध कथावस्तुसित हुन्छ तर पात्रहरु नै यसका मुख्य आधार हुनाले चरित्रचित्रण सबैभन्दा विकटवर्ती तत्व भनिन्छ (प्रधान, पूर्ववत् :९) ।तसर्थ उपन्यासमा पात्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

घटना वा वस्तु रचनाको आधार नै पात्र हुन् । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व चरित्र हो । त्यसरी तानेर ल्याउँदा वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै भएर रहेको हुन्छ (सुवेदी,पूर्ववत्:२३) । चरित्रले नै औपन्यासिक कृतिलाई जीवन्तता प्रदान गरेको हुन्छ । पात्रविना कृतिको रचना हुन नसक्ने भएकाले पात्र उपन्यासको खम्बा हो । त्यस्तै उपन्यासमा पात्रहरुले मानवजीवनको प्रतिनिधित्व गर्ने भएकाले तिनको कुनै जाति धर्म, संस्कृति र परम्परालाई अभिव्यक्त गर्दछन् । ती पात्रहरुले आ-आफ्ना कार्यव्यापारलाई अगाडि बढाएका हुन्छन् । उपन्यासमा देखापर्ने सबै पात्रहरुको बराबर भूमिका हुँदैन । कुनै पात्रले मूल कथावस्तुलाई आत्मसात् गरिरहेका हुन्छन् भने कुनै पात्रले सहायक कथावस्तुलाई अगाडि बढाएका हुन्छन् । कुनै पात्र

व्यक्ति चेतनाका संवाहक भएर आएका हुन्छन् । यसरी पात्रका चारित्रिक सबलता, दुर्बलता, यथार्थ जीवनसँग तिनीहरूको सम्बन्ध, सामाजिक गतिविधिमा तिनको भूमिकाको आधारमा उपन्यासको स्वरुप निर्भर रहेको हुन्छ । त्यसकारण उपन्यास रचनामा चरित्रको स्थान सर्वोपरि रहन्छ ।

उपन्यास वास्तविक जीवनजगतको प्रतीकात्मक अभिव्यक्ति हो । जीवनका विविध पक्षलाई प्रतिविम्बित पार्नमा र उपन्यासलाई स्वाभाविक र रोचक तुल्याउन चरित्र चित्रणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वस्तुतः पात्रहरुका साना-ठूला आचरण व्यवहार वा काम काजहरुको निर्माणमा पनि चरित्रकै अहम् भूमिका रहेको हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ (बराल र एटम,पूर्ववत् :२७) । औपन्यासिक कलाकृतिमा विशेष रूपमा पात्र कुन सामाजिक, आर्थिक, सांस्कृतिक, परिस्थितिको पृष्ठभूमिबाट आएको हो र उसको भाव, विचार, आचरण, व्यवहार, संस्कार के-कस्तो छ भन्ने कुराको निरीक्षण गरेर स्रष्टाले औपन्यासिक कृतिमा पात्रका माध्यमबाट सम्प्रेष्य विषयलाई सहज, स्वाभाविक र प्रभावकारी रूपमा प्रस्तुत गर्दछ । पात्रहरू जति सजीव, स्वाभाविक र जीवन्त हुन्छन्, उपन्यास त्यति नै उत्कृष्ट ठहरिन्छ र सिङ्गो सारवस्तुको सम्प्रेषणको प्रभावकारी माध्यम पनि चरित्र वा पात्र नै रहेको हुन्छ । त्यसकारण उपन्यास रचनामा पात्रले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ परिचय

यस शोध अध्ययन र प्रक्रियाअन्तर्गत निम्न सामग्री सङ्कलन विधि र अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधार अवलम्बन गरिएको छ :

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोधकार्य मुख्यतः कथानक र चरित्रसम्बन्धी अध्ययन भएको हुनाले यसमा कथानक र चरित्र दुबैको शैलीवैज्ञानिक विश्लेषण गर्दा वर्णनात्मक, विश्लेषणात्मक पद्दतिको उपयोग गरिएको छ । धारावासीको 'राधा' (२०७०) उपन्यासमा कथानक र चरित्रसम्बन्धी सैद्धान्तिक दृष्टिकोण तथा वर्गीकरणका सम्भाव्य आधारहरुको स्थापना गरिएको छ । उक्त आधारको निर्माणमा कथानक र पात्रसम्बन्धी मान्यताका साथै अन्य सिद्धान्तको आंशिक उपयोग गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत शोध अध्ययनको क्षेत्र 'राधा' उपन्यास र यस उपन्यासका कथानक तथा पात्रहरुको शैलीवैज्ञानिक अध्ययन रहेको छ ।

## ३.३ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययन प्रक्रियामा आधारित रहँदै सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाको साथै गुगल डट कमद्वारा अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त शोध निर्देशक, शोधकर्ता, विभिन्न विद्वान्, प्राध्यापक, विषय विशेषज्ञबाट पनि जानकारी लिइएको छ ।

## ३.४ व्याख्या तथा विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको अध्ययन गरी आवश्यकताअनुसार आगमनात्मक र निगमनात्मक दुवै पद्दतिको अनुसरण गर्दै वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अपनाउँदै शोध कार्यलाई पूर्णता दिएको छ ।

# अध्याय चार

# व्याख्य तथा विश्लेषण

## ४.१ परिचय

शैलीविज्ञान कुनैपनि विषयवस्तुप्रति गरिने गहन अध्ययन हो । यसमा सम्वन्धित विषयवस्तुलाई  विभिन्न कोणबाट अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिन्छ । राधा (२०७०) उपन्यासमा प्रयुक्त कथानक तथा पात्रहरुलाई शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ४.२ चरित्र अध्ययनका सैद्धान्तिक आधारहरू

उपन्यासमा प्रयुक्त पात्रहरुले विभिन्न भूमिका निर्वाह गरेका हुन्छन् । पात्रहरुले निर्वाह गरेका भूमिका कार्य, प्रवृत्ति, स्वभाव, आवद्धता, आसन्नता, जीवनचेतना, लिङ्ग र परिवेश आदिलाई सैद्धान्तिक आधार मानेर अध्ययन विश्लेषण गरिएको छ ।

उपन्यासकार कृष्ण धारावासीको राधा (२०७०) उपन्यास पौराणिक घटनाक्रममा आधारित उपन्यास हो । पुराण र महाभारत जस्ता ग्रन्थहरुले समेट्न नसकेको राधाको आत्मकाथाका रुपमा प्रस्तुत गरेका विचार र अनुभवलाई यस राधा उपन्यासमा समेटिएका छन् । पुराणमा आधारित पात्र परिवेश, भूगोल र समयकै वरिपरि भएर कथानकले यात्रा तय गरेको छ । यो उपन्यास ज्यामितीय पुराणहरुको प्रस्तुती नै हो (राधा,२०७०) । यसमा प्रेम, यौन र युद्धलाई नजिकैबाट हेर्न खोजिएको छ । राधा (२०७०) उपन्यास बहुपात्रीय उपन्यास हो । यो वृत्तकारीय ढाँचामा संरचित छ । यसमा ग्रामीण र शहरीया दुवै परिवेशको चित्रण छ । पात्रको स्तर अनुसारको भाषा प्रयोग गरिएको छ । यस उपन्यासमा राधाको माध्यमबाट समाजमा हरेक नारीहरुले भोग्नुपरेका बाध्यता र विवशतालाई शसक्त रुपमा चित्रण गरिएको छ । उपन्यासकी प्रमुख पात्र राधा सुविधासम्पन्न खानदानमा उचित हेरविचार र माया ममताका साथ हुर्किएकी भएपनि कृष्णप्रतिको प्रेमबाट विक्षिप्त बनेर तीर्थाटनमै आफ्नो सम्पूर्ण जीवन व्यतित गर्नु, कृष्णले वृन्दावनमा आयोजना गरेको रात्रीभोज कार्यक्रममा संलग्न सबै सखीहरुलाई आ-आफ्नो अविभावकद्वारा बन्धक बनाउनु, कृष्णले राधाको प्रेमलाई लत्याएर हजारौं गोपिनीहरुसँग विवाह गर्नु, कृष्णप्रतिको युद्धमा शुशीला शहीद बन्नु, वृषभानुको मृत्युपछि आमा कलावतीलाई एक्लै छोडेर राधा तिर्थाटनमा निस्कनु, नन्द रायले यशोदालाई थाहै नदिन छोरी (एकनशा) सँग छोरा (कृष्ण) साट्नु, राधाको तीर्थाटन यात्रामा विशाखा र पिल्लीले साथ दिनुजस्ता घटनाक्रमहरुले उपन्यासको कथा शसक्त बनेका छन् ।

राधाको जीवनमा आइपरेका विभिन्न मोडहरुलाई 'राधा' उपन्यासमा स्पष्ट पारिएको छ । यस उपन्यासका पात्रहरु जीवन्त छन् । उपन्यासमा पात्रहरुको सुक्ष्म मनोविश्लेषण गरिएको छ । जीवनमा आफूले सोचेको र चाहेको कुरालाई प्राप्त गर्न नसक्दा आफ्नो इच्छाशक्तिलाई दबाएर बाध्यात्मक जीवन बिताउनु पर्ने शन्देश यस उपन्यासले दिएको छ ।

राधा (२०७०) उपन्यासलाई नारीवादी उपन्यासका रुपमा चर्चा गर्न सकिन्छ । यस उपन्यासको प्रमुख पात्रका रुपमा राधा र कृष्णलाई लिन सकिन्छ । उनीहरुकै केन्द्रीयतामा उपन्यासको कथानक घुमेको छ । अतः उपन्यासमा प्रयुक्त पात्रहरुको वर्गीकरण निम्न प्रकार गर्न सकिन्छ:

**प्रमुख पात्रः** राधा, कृष्ण

**सहायक पात्रः** वृषभानु, कलावती, शुशीला, विशाखा, नन्द राय, गर्ग ऋषि, चन्द्रभानु, अक्रूरजी, पिल्ली, रुक्मिणी

**गौण पात्रः** कंश, विशाखाकी आमा बुबा, चारुण र मुस्तड, शशिकला, उद्धव, रोहित, यशोदा, बलराम, बासुदेव, देवकी, पिल्लीकी सासु, कुन्ती, द्रौपदी, शेर्पा केटा, बीरसिंह, एउटा सिपाही, एउटी पागलजस्ती आइमाई

**मानवेत्तर पात्रः** साँढे, कुकुर, घोडा

**राधा उपन्यासका मुख्य पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण तालिका**

| क्र. स. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव को आधार | | जीवन चेतना | | आसन्नता | | अबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | व्यक्तिगत | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | राधा | | √ | √ | | | √ | | | √ | | √ | √ | | √ | |
| २ | कृष्ण | √ | | √ | | | √ | | √ | | | | √ | | √ | |
| ३ | वृषभानु | √ | | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| ४ | कलावती | | √ | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| ५ | शुशीला | | √ | | √ | | √ | √ | √ | | | √ | √ | | √ | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विशाखा | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | |
| ७ | नन्द राय | √ | | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| ८ | गर्ग ऋषि | √ | | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| ९ | चन्द्रभानु | √ | | | √ | | | √ | √ | | √ | | √ | | √ | |
| १० | अक्रूरजी | √ | | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| ११ | एकनंशा | | √ | | √ | | √ | | | √ | | √ | √ | | √ | |
| १२ | पिल्ली | | √ | | √ | | √ | | √ | | | √ | √ | | √ | |
| १३ | रुक्मिणी | | √ | | √ | | √ | | √ | | | √ | √ | | √ | |

## ४.३. पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

राधा उपन्यासमा प्रयुक्त पात्रहरुको शैलीवैज्ञानिक वर्गीकरणका आधारमा निम्नप्रकार विश्लेषण गरिएको छः-

### ४.३.१ राधा

राधा यस उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासको कथानक राधाकै केन्द्रीयतामा अगाडि बढेको छ। राधा यस उपन्यासमा अनुकूल प्रवृत्ति भएकी स्थिर पात्रको रुपमा चित्रित छ। राधा भौतिक सुख सुविधाले सम्पन्न परिवारमा हुर्के, बढेको भएपनि कृष्णप्रतिको प्रेमले गर्दा ऊ मानसिक रुपमा सधैंभरि तड्पिएरै बाँच्न विवश हुन्छे । ऊ एकातिर सामाजिक बन्धनहरुलाई तोड्न सक्दिन भने अर्कातिर कृष्णप्रतिको प्रेमलाई मिल्काएर नयाँ जीवनको सुरुवात गर्न पनि असमर्थ हुन्छे। उसले समाजको संस्कृति र परम्परालाई तोडेकी छैन । ऊ सांसारिक मायाप्रेमबाट अलग भएर एक्लै जीवन बिताउने निर्णय लिएर तीर्थाटनमा निस्कन्छे । तीर्थाटनमा अनिश्चित पाइलाहरु चाल्न साह्रै गाह्रो पर्छ र पनि कृष्णप्रतिको मायाबाट टाढा रहनकै लागि भए पनि तीर्थाटनलाई नै स्वीकार्छे। कृष्णकै सामीप्यतादेखि उसको जीवनमा कुहिरो लागेको छ। जुन आफूले नसोचेकै घटनाहरुसँग सम्झौता गर्नुपरेको छ। प्रेमकै एक विचित्र रुपलाई यस उपन्यासमा समेटिएको छ। जसमा राधा मुछिएकी छ।

यसबाट छुटकारा पाउनको लागि राधाले सारा कुराहरुलाई परित्याग गर्ने निर्णयमा पुग्नु परेको हो । राधाको जीवन अनौठो र कहालीलाग्दो तरिकाले बितेको छ ।

पात्र विश्लेषणको आधारलाई हेर्दा शैलीवैज्ञानिक मापदण्डमा पुग्नुपर्ने हुन्छ । उपन्यासमा प्रयुक्त पात्रहरुलाई शैलीवैज्ञानिक आधारमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, आबद्धता, परिवेश र अन्य आधार आदिका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा राधा स्त्री पात्र हो । कृष्णसँग प्रेम गरेको भएपनि ऊ विवाह गर्न सक्तिन । राधाको शारीरिक वर्णन, नाम, स्वभाव र उसका लागि प्रयोग गरिएको क्रियापदको आधारले पनि राधा स्त्री पात्र हो ।

### ख) कार्यको आधारमा

राधा 'राधा' उपन्यासकी प्रमुख पात्र हो । राधाको उपस्थिति उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेको छ । उसकै केन्द्रीयतामा उपन्यासको कथावस्तु संरचित छ । उपन्यासको सुरुवात र अन्त्य पनि राधाबाटै भएको छ । उपन्यासमा राधाकै जीवन भोगाइका कुराहरुलाई समेटिएको छन । राधाले कृष्णप्रति गरेको प्रेम र त्यसबाट उत्पन्न भएका मनोभावनाहरुलाई उपन्यासमा शसक्त ढङ्गले उतारिएको छ ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिका आधारमा राधा अनुकूल वा सत् पात्र हो । राधा उपन्यासको कथानक र उद्देश्यको विकासमा अहम् भूमिका निर्वाह गर्दै पाठकवर्गको मन जित्न सफल भएकी छ । नारी जातिले आफ्नो स्थानमा रहेर पुरुष सरह काम गर्न सक्छन् भन्ने भावना बोकेर अघि बढेका राधा कृष्णको जीवनबाट अलग हुन पुगेपछि सारा कुरालाई परित्याग गरी तीर्थाटनको यात्रालाई स्विकार्छे । कृष्णले सोह्र हजार एकसय आठ जना युवतीहरुबाट उनको बदला लिए पनि राधा जीवनभरी अविवाहित नै रहिरहन्छे । राधाले यस उपन्यासको आदिदेखि अन्त्यसम्म कुनै पनि नराम्रो काम गरेकी छैन । कसैलाई पनि दुःख हुने वा दुःख दिने काम उसले गरेकी छैन । त्यसैले ऊ 'राधा' उपन्यासकी सत् पात्र वा अनुकूल पात्र हो ।

### घ) स्वभावको आधारमा

स्वभावको आधारमा राधा स्थिर पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म राधाको स्वभावमा कुनैपनि भिन्नता आएको छैन । त्यसैले राधा स्थिर वा गतिहीन स्वभावकी पात्र हो । कृष्णको प्रेमपछि उसले आफ्नो जीवनमा कुनैपनि युवकलाई प्रेमी बनाउन चाहिन ।

राधाको तीर्थाटनको यात्रालाई कसैले पनि रोक्न सक्दैन । आफ्नी आमाले समेत कृष्णको अन्तिम आग्रहलाई स्वीकार्नु भन्दा आफ्नो नैतिकतामा आँच आउने भन्दै उक्त प्रस्ताव स्वीकार नगरी तीर्थाटनमै प्राथमिकता दिइन् । राधा आफ्नो विचारलाई यथावत् राख्दै अगाडि बढ्ने पात्र भएकोले ऊ यस उपन्यासमा स्थिर पात्रको रुपमा परिचित छ ।

### ङ) जीवनचेतानको आधारमा

जीवन चेतनाको आधारमा राधा वर्गीय पात्र हो । उसले नेपाली सामाजका नारीहरुको प्रतिनिधित्व गरेकी छ । आफ्नो अस्तित्व जोगाउँदै उसले पुरुष बाहेक नारीले गर्न नसक्ने भन्ने कार्यभार पनि संहालेकी छ । राधाले कृष्ण युद्धको समयमा गाउँमा शान्ति स्थापना गर्दै जनमानसमा नकारात्मक छाप नपार्नका लागि पनि सहयोग गरेकी थिई ।

### च) आसन्ताका आधारमा

आसन्नताका आधारमा राधा मञ्चीय पात्र हो । राधाले उपन्यासमा प्रत्यक्ष मञ्चमा उपस्थित भएर सक्रिय भूमिका निर्वाह गरेकी छ । राधाको उपस्थिति उपन्यासमा अधिक मात्रामा रहेको छ । त्यसैले ऊ मञ्चीय पात्र हो । राधाले एकनंशालाई सम्झाउँदै “सखी एकानंशा-म प्रेमलाई एउटा सिर्जनशील उर्जा तत्वको रुपमा बुझ्न लागेकी छु । यो कसैलाई प्राप्त गर्नु र शरीरको भोग गर्दै बित्ने मनोभाव मात्र नभएर जीवनलाई नजिकबाट चिन्ने र त्यसलाई रचनात्मकता परिवर्तन गर्ने विषय ठानेकी छु अचेल” (पृष्ठ २८२)  भन्ने भाव प्रत्यक्ष रुपमा आएको छ ।

### छ) आबद्धताको आधारमा

आबद्धताको आधारमा राधा बद्ध पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै उसको सक्रिय भूमिका रहेको छ । राधालाई उपन्यासबाट अलग गरिदिने हो भने कथानक अपूर्ण र उद्देश्यहीन हुन्छ । त्यसैले यस उपन्यासकी बद्ध पात्रको रुपमा राधा स्थापित भएकी छ । राधा उपन्यासकी प्रमुख पात्र राधा उपन्यासका अन्य चरित्रहरुसँग पनि सम्बन्धित हुनका साथै राधाको चरित्रबाट अन्य चरित्रहरु बाँधिएका छन् । राधाकै जीवनमा घटेका घटनाहरुलाई आधार बनाएर कथानक अगाडि बढेको छ ।

### ज) परिवेशका आधारमा

परिवेशका आधारमा राधा ग्रामीण परिवेशमा हुर्केकी ग्राम्य पात्र हो । तर पनि ऊ उच्च खानदानमा जन्मिएकीले शिक्षित वर्गभित्रै पर्दछे । राधालाई चिठी पढ्न र लेख्न राम्रोसँग आउँछ । ऊ सरल र सोझो किसिमको पात्र भएकोले ग्राम्य पात्र हो । शिक्षत भएर पनि ऊ

परिस्थितिले थिचिएकी विवश पात्र हो । समाजमा व्याप्त कुविचारमा आफूलाई समायोजन गराउन नसक्दा अन्त्यमा स्वतन्त्रतालाई स्वीकार्दै निस्किन्छे ।

### झ) अन्य आधार

उपन्यासमा प्रयुक्त पात्रहरु कुनै वाद वा सिद्धान्तमा गाँसिएका हुन्छन् । तिनै वाद, सिद्धान्त र प्रवृत्तिलाई स्पष्ट र जीवन्त बनाउन उपन्यासका पात्रहरुलाई त्यही सिद्धान्त, वादअनुरुप प्रस्तुत गरिन्छ । त्यसैले राधा (२०७०) उपन्यासका प्रमुख पात्र राधाको अध्ययन तथा विश्लेषण सामाजिक, यथार्थवादी, नारीवाद तथा मनोविश्लेषण जस्ता सिद्धान्तका आधारमा गरिएको छ ।

हाम्रो नेपाली सामाजमा नारीहरुले आफ्नो जीवनमा आइपरेका सम्पूर्ण बाध्यता र विवशताहरुलाई सामना गर्दै नारी सहनशील, आदर्शवादी हुनुपर्छ भन्ने मान्यता रही आएको छ । राधा उपन्यासकी प्रमुख पात्र राधाका माध्यमबाट जीवनमा आइपरेका यावत् समस्या र विवशताहरुलाई उपन्यासमा समेटिएका छन् । राधा उपन्यास नारी चरित्र प्रधान उपन्यास भएर पनि नारीवादलाई अबलम्बन गरेको पाइँदैन । नारीको केन्द्रीयतामा रही नारी हक, हित र समानताको पक्षमा व्याख्या विश्लेषण गर्नुको सट्टा पुरुषप्रधान समाजलाई आत्मसात गर्दै नारीले भोग्नुपरेको पीडाको अभिव्यक्ति राधा उपन्यासमा पाइन्छ । हुन त राधाको माध्यमबाट यस्ता विभेदलाई मुक्त गर्नका लागि सङ्घर्ष गरेको भएपनि सहज रुपमा सफल हुन भने सकिएको देखिँदैन ।

यस उपन्यासकी पात्र राधा सङ्घर्षशील नारी पात्र हो । तर उसको सङ्घर्ष एउटा आत्मसन्तुष्टिको माध्यम मात्र बन्न पुगेको छ । प्रेमकै नाममा आफ्ना सारा खुसीहरु गुमाएर गन्तव्यविहीन जीवन जीउन विवश छ राधा । राधा र कृष्णबीच एकअर्कामा प्रेम हुनु, जुन प्रेमलाई समाजले मान्यता नदिनु, राधाको प्रेममा शुशीलाले स्थान खोज्नु, कृष्णले राधाको प्रेमलाई मिल्काएर हजारौं युवतीहरुसँग विवाह गर्नु, त्यसपछि राधाले सम्पूर्ण जीवन तीर्थाटनमै बिताउन चाहनु, बुबाको मृत्युपछि आमा एक्लो हुनु जस्ता बाध्यता र विवशता नियतिकै कारण मान्न सकिन्छ । व्यक्तिको मानसिकताको अध्ययन गर्ने हुँदा उक्त उपन्यासमा मनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग भएको देखिन्छ । विशेष गरी राधाका मनका अन्तर्द्वन्द्वहरुलाई सशक्त रुपमा प्रस्तुत गरिएको छ ।

### ४.३.२ कृष्ण

राधा (२०७०) उपन्यासको प्रमुख पुरुष पात्र कृष्ण हो । राधाको निजी जीवनसँग जोडिएर आएको कृष्ण गतिशील पात्र हो । वृन्दावनमा कृष्णले राधाको आँसु पुछ्दै भने -"राधा ! धेरै भावुक नबन प्रिय ! म यहीँ तिम्रो नजिकै छु । म तिमीबाट कहिल्यै टाढा छैन, टाढा हुन्न पनि । तिमीले ममा विश्वास गर्न सिक" (पृष्ठ ३३), तर कृष्णले आफ्नो वचन पूरा गर्न सकेनन् । कृष्णको जीवनको पहिलो प्रेमिका राधा नै हो र अन्तिम प्राप्ति पनि राधा नै छ । कृष्णले राधालाई अति नै माया गर्छन् तर त्यो माया व्यवहारिक बन्न सकेन । उनले हजारौं युवतीहरुसँग विवाह गरेको भए तापनि राधा बिनाको जीन्दगी सधैं नै अपुरो र अधुरो नै रहिरह्यो । हरेक पलपलमा राधालाई खोजी नै रहे तर प्राप्त गर्न भने सकेनन् ।

पात्र विश्लेषणका आधारमा कृष्णलाई शैलीवैज्ञानिक आधारमा निम्नानुसार वर्णन गरिएको छः-

#### क) लिङ्गका आधारमा

लिङ्गका आधारमा कृष्ण पुरुष पात्र हुन् । राधाको प्रेमी, सोह्र हजार एक सय आठ वटा श्रीमतीहरुको पोइ जस्ता आधारले कृष्ण पुरुष पात्र हुन् । कृष्णको नाम, स्वभाव र ऊप्रति प्रयोग गरिएको क्रियापदले पनि कृष्ण पुरुष पात्र नै हुन् ।

#### ख) कार्यका आधारमा

कार्यका आधारमा कृष्ण प्रमुख पात्र हुन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म कृष्णले महत्वपूर्ण भूमिका खेलेका छन् । राधा उपन्यास कृष्णकै केन्द्रीयतामा अगाडि बढेको छ । राधा र कृष्णको प्रेम प्रसङ्गको विषयलाई उपन्यासमा स्पष्ट पारिएको छ ।

#### ग) प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा कृष्ण अनुकूल र प्रतिकुल दुबै पात्र हुन् । उपन्यासमा कृष्णले कुनैपनि किसिमको नराम्रो व्यवहार गरेका छैनन् तर पनि हजारौं युवतीहरुसँग विवाह गरेर राधाको चित्त दुखाउने काम गरेका छन् । राधाको जीवनमा आमूल परिवर्तन गराउने काम कृष्णबाट भएको छ । त्यसैले कृष्ण अनुकूल र प्रतिकुल दुवै किसिमका पात्र हुन् ।

#### घ) स्वभावका आधारमा

स्वभावका आधारमा कृष्ण गतिशील पात्र हुन् । राधाप्रतिको प्रेमलाई उनले अन्तिम रुप दिन सकेका छैनन् । समय परिस्थितिसँगै उसको मन परिवर्तन भएको छ । कृष्णले राधालाई

विवाह गरेर लैजाने वचन तोडेर रुक्मिणी लगायत अन्य युवतीहरुसँग विवाह गर्न पुगे । त्यसैले कृष्ण गतिशील पात्र हुन् ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाको आधारमा कृष्ण वर्गीय पात्र हुन् । उनले नेपाली समाज परिवर्तनका लागि अन्याय र अत्याचार विरुद्ध युद्ध जितेका छन् । साथै कृष्णले गरेका कामको सबैले जयजयकार गरेका छन् । बहुपत्नी पुरुषहरुको प्रतिनिधित्व पनि कृष्णले गरेका छन् ।

### च) आवद्धताको आधारमा

आवद्धताको आधारमा कृष्ण बद्ध पात्र हुन् । यदि कृष्णलाई यस उपन्यासबाट झिकिदिने हो भने उपन्यास अपूर्ण र अर्थहीन हुन्छ । कृष्ण उपन्यासका अन्य चरित्रहरुसँग सम्वन्धित हुनका साथै कृष्णको चरित्रमा अन्य चरित्र पनि बाँधिएका हुनाले कृष्ण बद्ध पात्र हुन् ।

### छ) आसन्नताको आधारमा

आसन्नताको आधारमा कृष्ण मञ्चीय पात्र हुन् । उनले उपन्यासमा प्रंत्यक्ष रुपमा उपस्थित भएर महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । कृष्णले राधालाई उदास हुँदै भन्छन्- ‘‘म आफ्नो मनको वेदना तिमीबाहेक अरु कसैसँग पनि भन्न सक्दिन’’ (पृष्ठ ७९) भनेर प्रत्यक्ष रुपमा भनेका छन् । त्यसैले कृष्ण मञ्चीय पात्र हुन् ।

### ज) परिवेशका आधारमा

परिवेशका आधारमा कृष्ण राज दरबारको खानदानमा जन्मिएको भए पनि ग्रामीण परिवेशमा हुर्के बढेका पात्र हो । गाई चराउन जङ्गलमा जानु, जङ्गलमा गएर बाँसुरी बजाउनु जस्ता ग्रामीण परिवेशको चित्रण गरिएको छ । उनका हरेक क्रियाकलापहरु आफ्नै पुरुषार्थकै निम्ति गरिएको छ । उनलाई चिठ्ठी लेख्न, पढ्न सक्ने हुनाले शिक्षित पात्र तर पुरातनवादी सोचले ग्रस्त पात्रका रुपमा लिन सकिन्छ ।

### झ) अन्य आधार

कृष्ण यस उपन्यासका प्रमुख पुरुष पात्र हुन् । उपन्यासमा कृष्णले गरेका हरेक कामहरुलाई सकारात्मक तरिकाले हेरिएको छ । कृष्णका माध्यमबाट यस उपन्यासमा हरेक समस्याहरुको समाधान हटेर होइन डटेर गर्नुपर्ने सन्देश दिइएको छ । जन्मदेखि नै युद्धलाई साथमा लिएर आएका कृष्णले आखिर युद्धलाई जितेरै छाडे । त्यत्रो ठूला-ठूला युद्ध जितेका कृष्णले राधाको मनलाई भने जित्न सकेनन् । यसमा कृष्णको आफ्नै कमजोरी थियो । कृष्णले राधालाई आफ्नो भएको वचनवद्ध दिइसकेपछि पनि हजारौं युवतीहरुसँग विवाह गर्नु कृष्णको भुल

थियो । हुन त कृष्णले अरु विवाह गर्नु आफ्नो खुसी भन्दा पनि अहमताले गरिएको थियो । जुन कुरा राधालाई स्वीकार्य भएन । फलस्वरुप राधा कृष्णको जीवनदेखि टाढिएरै बाँच्न चाहिन्, तर कृष्ण भने राधाकै सामिप्यतामा जीन्दगीभर अधुरै भएर तड्पी रहे । राधालाई जीन्दगीभर राधा भवनमा सजाउने कृष्णको रहर अधुरै रह्यो । रुक्मिणीसँगको विवाहको पहिलो रात पनि कृष्णले राधा भवनमा एक्लै बिताएका थिए । कृष्णले पश्चाताप मान्दै रुक्मिणीलाई भने -"रुकु म साह्रै तनावमा परें । मैले तिमीलाई बिहे गरेर ठूलो अपराध गरें, मैले यस्तो गर्न नहुने थियो । मसँग विवाह गरेर तिमी खुसी नहुने भयौ" (पृष्ठ २७१) । विवाह पछि कृष्णलाई पश्चाताप लागेको थियो तर भइसकेको कुरा टार्न सकिँदैन । कृष्णले राधालाई आफ्नो सम्पूर्ण वास्तविकता बताउँदा पनि राधाको मन परिवर्तन भएन । अन्त्यमा राधाले तीर्थाटनलाई नै निरन्तरता दिइरहिन् । तैपनि एकदिन कृष्णले भावुक बन्दै राधालाई भने-"राधा हुन त मलाई तिम्रो यो यात्रा रोक्ने कुनै हक छैन, मैले तिमीसँगका सबै हकहरु गुमाइसकेको छु । तैपनि यदि सक्छौ भने जीन्दगीभर तिमी मेरी आदरणीय पाहुना भई यहीं बस राधा । म तिम्रो ची रऋणी रहनेछु" (पृष्ठ २९२) । तसर्थ कृष्णको अन्तिम प्राप्ति पनि राधा नै हो ।

## ४.३.३.वृषभानु

बृषभानु यस उपन्यासका सहायक पात्र हुन् । उनी राधाको बुबा हुन् । राधा वृषभानुको एक्ली छोरी हो । उनी आफ्नी छोरी राधालाई असाध्यै माया गर्छन् । राधाका हरेक कुरामा साथ दिँदै वृषभानुले असल पिताको भूमिका निर्वाह गरेका छन् ।

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा वृषभानु पुरुष पात्र हुन् । राधाको पिताजी कलावतीको पति जस्ता आधारले वृषभानु पुरुष पात्र हुन् । साथै उनीप्रति प्रयोग गरिएका क्रियापद र स्वभावले पनि वृषभानु पुरुष पात्र नै हुन् ।

### ख) कार्यको आधारमा

कार्यका आधारमा वृषभानु सहायक पात्र हुन् । उनले आफ्नी छोरी राधालाई पूर्ण रुपमा सहयोग गरेका छन् । छोटो भूमिकामा देखा परे पनि उनको उपस्थिति उपन्यासमा महत्वपूर्ण रहेको छ ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृतिको आधारमा वृषभानु अनुकूल पात्र हुन् । उनले गरेका हरेक कामहरु सकारात्मक छन् । उनले कसैलाई पनि दुःख हुने र दिने काम गरेका छैनन् । आफ्नो सबै काम छोरी राधालाई जिम्मा दिएर सकरात्मक विचार राखेका छन् ।

### घ) स्वाभावको आधारमा

स्वभावका आधारमा वृषभानु गतिशील स्वभावका पात्र हुन् । कृष्णको वनभोज कार्यक्रममा सरिक भएपछि आफ्नो छोरी राधालाई घरबाट बहिर निस्कन मनाही गरेका वृषभानुले पछि राधालाई पहिला जस्तै स्वतन्त्रता दिएका छन् । पहिला राधाप्रति गरिएको चर्चा असह्य मान्ने वृषभानुले यसलाई पछि सामान्य रुपमा लिएका छन् । त्यसैले उनी गतिशील पात्र हुन् ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाका आधारमा वृषभानु वर्गीय पात्र हुन् । उनले वृषभानु पदमा बसेर सिङ्गो सामाजको प्रतिनिधित्व गरेका छन् । सबैलाई मान्य हुने काम मात्र गरेका छन् । वृषभानुले धैर्यतापूर्वक भन्नुभयो -"म तपाईंहरुको इच्छा विरुद्ध केही गर्दिन, समाजको निर्णय नै मेरो पनि निर्णय हो, तर हामीले नन्द रायलाई एकाएक समाज हटक किन गराउने" (पृष्ठ ५३) ।

### च) आसन्नताका आधारमा

राधा (२०७०) उपन्यासमा वृषभानु मञ्चीय पात्र हुन् । उसले उपन्यासमा प्रत्यक्ष रुपमै उपस्थित भएर आफ्नो भूमिका निर्वाह गर्दै भन्छ -"किन कलावती तिमी अनौठो पाराले हेरिरहेकी छ्यौ, ममा कुनै त्यस्तो दोष देख्यौ कि?" (पृष्ठ १०१) त्यसैले वृषभानु मञ्चीय पात्र हो ।

### छ) आबद्धताको आधारमा

राधा (२०७०) उपन्यासमा वृषभानु बद्ध पात्र हुन् । यदि वृषभानुलाई निकाल्ने हो भने उपन्यास अपूर्ण बन्न पुग्छ ।

### ज) अन्य आधार

वृषभानु राधा (२०७०) उपन्यासको सहायक पात्र हुन् । उनी राधाका पिताजी हुन् । वृषभानु प्रधान जस्तो पदमा बसेर सिङ्गो समाजको प्रतिनिधित्व गर्दै महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उनकी एकमात्र छोरी राधा हुन् । राधालाई अति नै माया गर्छन् । कृष्णले आयोजना गरेको रात्रीभोजमा गएपछि उनले राधालाई नजरबन्दमा राखेका हुन्छन् । चन्द्रभानुले

राधामाथि गरेको आरोपहरुले गर्दा वृषभानु चिन्तित हुन्छन् । अथाह सम्पत्तिका धनी वृषभानुले आफ्नी छोरी राधालाई राम्रो वर खोजेर धुमधामका साथ विवाह गरी कन्यादान दिने सपना देखेका हुन्छन् । तर पत्नी कलावतीबाट उनले राधाको सबै निर्णय सुनिसकेपछि उनले राधालाई पहिला जस्तै स्वतन्त्रता दिएका छन् । उनले राधा र कृष्णको प्रेमसम्बन्धलाई सामान्य रुपमा लिइसकेको अवस्थामा कृष्णको जन्मकथाको रहस्य सुन्ने बित्तिकै अचेत बन्न पुगेका छन् । उनमा कुनै हलचल आउँदैन । कसैलाई हेरेनन् र चिनेनन् पनि । उनी एकाएक ओछ्यानमा परे । बोली नबुझिने, दायाँ पाटो नचल्ने समस्याहरु देखा परे । यस्तै कारणले वृषभानुले सम्पूर्ण जिम्मेवारी छोरी राधालाई सुम्पिदिएर अन्त्यमा वृषभानु यस संसारलाई छोडेर बिदा भए । राधालाई संघर्षशील, इमान्दारिता र साहसी बनाउनमा वृषभानुको महत्वपूर्ण भूमिका रहेको छ ।

### ४.३.४. कलावती

#### क) लिङ्गको आधारमा

कलावती राधा (२०७०) उपन्यासकी नारी पात्र हुन् । यस उपन्यासमा उनी राधाकी आमा, वृषभानुकी श्रीमती भएकीले पनी उनी नारी पात्र हुन् ।

#### ख) कार्यको आधारमा

यस उपन्यासमा कलावती सहायक पात्र हुन् । उनले आफ्नी छोरी राधालाई पूर्ण रुपमा सहयोग गरेकी छिन् । राधाका हरेक समस्याहरुमा उनले साथ दिनुका साथै राधाको कुरा पिता वृषभानुकहाँ पुऱ्याउने काम पनि गरेकी छिन् ।

#### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिको आधारमा कलावती अनुकूल पात्र हुन् । उनले गरेका हरेक कामहरु सकारात्मक देखिन्छन् । उनले एक असल गृहणी र ममतामयी आमाको भूमिका निर्वाह गरेकी छन् । राधाले गरेका हरेक कामहरुलाई साथ दिँदै महत्वपूर्ण भूमिका निर्वाह गरेकीले उनी अनुकूल पात्र हुन् ।

#### घ) स्वभावको आधारमा

राधा (२०७०) उपन्यासमा कलावती गतिशील पात्र हुन् । कलावतीले पहिला त आफ्नी छोरी राधालाई सम्झाउँदै "आफूभन्दा कम उमेरका युवकलाई कसरी आफ्नो पुरुष मान्नु । तिमी त वृषभानुकी छोरी पो त । तिम्रो तुलना नन्द रायको छोरासँग हुन सक्दैन" (पृष्ठ ५५) भनेकी थिइन, तर पछि कृष्णले बनाएको राधा भवनमा सँगै बस्न अनुरोध गर्छिन ।

**ङ) जीवनचेतनाको आधारमा**

राधा उपन्यासमा कलावती वर्गीय पात्र हुन् । उनले आम आमाहरुले आफ्ना छोरीहरुप्रति गरेको कर्तव्य र भूमिका निवारण गरेकी छन् ।

**च) आबद्धताको आधारमा**

आबद्धताको आधारमा कलावती बद्ध पात्र हुन् । उनलाई कथावस्तुबाट झिकी दिँदा असर पर्न जान्छ । त्यसैले कलावती बद्ध पात्र हुन् ।

**छ) आसन्नताका आधारमा**

आसन्नताका आधारमा कलावती मञ्चीय पात्र हुन् । उनले उपन्यासमा प्रत्यक्ष रुपमा उपस्थित भएर महत्वपूर्ण भूमिका खेलेकी छन् । उनी भन्छिन् -"छोरी हामीमाथि कति सङ्कट हगी ?" (पृष्ठ २८८) ।

**ज) अन्य आधार**

कलावती राधा उपन्यासकी सहायक नारी पात्र हुन् । यस उपन्यासमा उनले महत्वपूर्ण भूमिका खेलेकी छन् । उनी राधाकी प्यारी माता हुन् । उनले राधालाई हरेक कुरामा सहयोग गरेकी छन् । राधालाई आफ्नो पिताले नजरबन्दमा राख्दा उनले राधालाई छुटाउन आफ्नो पतिसँग अनुरोध गरेकी छन् । "मैले तिम्रो पिताजीलाई अनुरोध गरिसकेकी छु । तिमी अब पहिलेजस्तै साथीहरुसँग भेट गर्न, घुमफिर गर्न पनि स्वतन्त्र छयौ (पृष्ठ ६२) । कृष्णको जन्मकथा सुनेर बिरामी भएका आफ्ना पति वृषभानुको मृत्यु भए पछि उनी एक्ली भएकी छिन् । छोरी राधा साथमा भएपनि बाबुको कामको जिम्मेबारी लिएर बाहिर गइरहनु पर्ने र पछि कृष्णको प्रेमबाट विक्षिप्त बनेपछि राधाले सदाका लागि तीर्थाटनलाई नै रोजेकी थिइन् । कलावतीले खिन्न अनुहार पार्दै भन्नुभयो -"नानी तिमी किन यो दुःखको संसारतिर जान चाहन्छयौ ? हामी सबै अटेको ठाउँमा तिमी किन नअट्ने ? तिमीलाई त झन् कृष्णले छुट्टै भवन तिम्रो नाममा बनाइदिएका छन् । हेर, म पनि रोगाएकी छु, कहिले मर्ने हुँ थाहा छैन । के मर्ने बेलामा पनि तिमी मसँग नहुने छोरी ?" (पृष्ठ २८७) । उनले बुढेसकालको रोगी शरीर बोकेर एक्लै बाँच्नुपर्‍यो । न आफ्नो पतिको साथ पाएँ न छोरीको । छोरी राधालाई जति नै सम्झाउँदा पनि तीर्थाटनको यात्रालाई नै निरन्तरता दिइरहिन् । कलावतीको माध्यमबाट मर्ने बेलामा पनि आफ्नो परिवारको साथ र सहयोग नपाएको गुनासो व्यक्त गरेकी छिन् ।

### ४.३.५. शुशीला

#### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा शुशीला नारी पात्र हो । उनी चन्द्रभानुकी छोरी, राधाकी सखी र ऊ प्रति गरिएको क्रियापदको आधारमा पनि शुशीला नारी पात्र हो ।

#### ख) कार्यको आधारमा

कार्यको आधारमा शुशीला सहायक पात्र हो । उसले उपन्यासको कथनाकलाई अगाडि बढाउन मद्दत गरेकी छ । शुशीला राधाको आत्मीय साथी हो, तर पनि ऊ राधाको प्रेमलाई खोसेर कृष्णलाई प्रेमी बनाउन चाहन्थी । त्यसैको प्रायश्चित गर्नका लागि कृष्णप्रतिको युद्धमा सामेल भएर शाहदत प्राप्त गरेकी छ ।

#### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिको आधारमा शुशीला प्रतिकूल र अनुकूल दुबै पात्र हो । उसले उपन्यासमा पहिला प्रतिकूल पात्रको रुपमा भूमिका खेलेको कुरा शुशीलाद्वारा नै प्रष्ट पारिएको छ । "यो सब मेरै कारणबाट भएको हो राधा । आज गाउँमा जे जति नराम्रो भएको छ, त्यसको जडतत्व मै हुँ । मैले नै यो गाउँलाई यस्तो बनाए । अब म कहाँ गएर यो पाप पखालुँ ? कसरी प्रायश्चित गरुँ ?"(पृष्ठ ६७) । त्यही गल्तीकै प्रायश्चित गर्न शुशीला यद्धमा होमिएर वीर गति प्राप्त गरेर राम्रो काम गरेकीले ऊ पछि अनुकूल पात्र बन्न पुगेकी हो ।

#### घ) स्वभावका आधारमा

स्वभावका आधारमा शुशीला गतिशील पात्र हो । पहिला उसको स्वभाव स्वार्थी र अल्छी भए पनि पछि प्रायश्चित गर्दै उसको स्वभावमा परिवर्तन आएको छ ।

#### ङ) आबद्धताको आधारमा शुशीला

'राधा' उपन्यासमा शुशीला बद्ध पात्र हो । उनले यस उपन्यासमा महत्वपूर्ण काम गरेकी छन् । उनलाई उपन्यासबाट हटाइदिँदा उपन्यास अपूर्ण हुन्छ ।

#### च) आसन्नताको आधारमा

राधा उपन्यासमा शुशीला मञ्चीय पात्र हो । उसले प्रत्यक्ष उपस्थित भएर भूमिका खेलेकी छ ।

### ज) अन्य आधार

शुशीला यस उपन्यासकी सहायक पात्र हो । उसले उपन्यासका सुरुमा आफ्नै आत्मीय साथी राधाको प्रेमलाई खोसेर कृष्णलाई आफ्नो बनाउन चाहेकी छ तर कृष्णले राधासँग मात्र प्रेम गर्ने अठोट व्यक्त गरेपछि उसले प्रायश्चित गरेकी छ । "राधा ! मलाई माफ गर सखी । म पापिनी हुँ । म स्वार्थी र अन्धी हुँ । मैले आफ्नो मात्र हित चिताउँदा आज सारा गाउँको अहित भएको छ" (पृष्ठ ६७) । कृष्णले शुशीलालाई बारम्बार युद्धमा सक्रिय भएर नआउन भने पनि उनले आफ्नो जिद्दी छाडिनन् । "म मेरो गल्तीको प्रायश्चित गर्न पनि यस युद्धमा सामेल भएकी छु । मलाई तिमीले केही दिन केवल एउटी असल साथी मात्र मान्यौ भने मलाई पुग्छ ।" (पृष्ठ १५८) । कंशसँगको युद्धमा लड्दा लड्दै अन्त्यमा शुशीलाले शाहदत प्राप्त गरी । यसरी शुशीलाले यो महान् युद्धमा आफूलाई बलिदान दिएर नारी जातिको इतिहासमा एक वीराङ्गानाको रेखा खिचेकी छ । त्यसैले शुशीला यस उपन्यासकी महान् चरित्र भएकी पात्र हो (राधा, २०७०) । उपन्यासमा शुशीला महत्वपूर्ण भूमिका निर्वाह गर्दै उसले युद्ध जस्तो विषम परिस्थितिमा होमिएर महान् काम गरेकी छ ।

### ४.३.६. विशाखा

विशाखा राधा उपन्यासकी सहायक पात्र हो । उसले उपन्यासको कथानकलाई अगाडि बढाउन अहम् भूमिका खेलेकी छ । विशाखा राधाको आत्मीय सखी हो । उसले राधाको हरेक यात्रामा साथ र सहयोग गरेकी छ । विशेष गरी उसले गाउँमा भएका हरेक घटनाहरुका साथै कृष्णसम्बन्धी हुने गरेका व्यवहारहरुको जानकारी राधा समक्ष पुऱ्याउने काम गरेकी छ । गाउँमा चल्ने गरेका कुराहरुलाई राधाले विशाखामार्फत् प्राप्त गर्थिन् । "राधा, नन्द बाबाहरु आइपुगे । भर्खरै द्वारिकामा कृष्णको विवाह भव्य रुपमा सम्पन्न भयो रे । विदर्भ देशका राजा भीष्मकी रुपवती, सुन्दरी पुत्री रुक्मिणीसँग कृष्णले विवाह गरे रे । देश विदेशका राजामहाराजाहरुको उपस्थिति थियो रे" (पृष्ठ २०५) । विशाखाको आमाबुबाले उसको विवाह एउटा स्वास्नी मरेको बूढोसँग गरिदिन खोजेको कुरा विशाखालाई स्वीकार्य हुँदैन । बुबाआमालाई जति सम्झाउँदा पनि जवरजस्ती बिहे गर्न खोजेपछि राधासँगै तीर्थाटनमा जान चाहन्छे । "मैले निर्णय गरिसके । म विवाह गर्दिन र तँसँगै तीर्थाटनमा जान्छु । तीर्थाटनबाट फर्किएपछि नयाँ सोच आएछ भने त्यसैबेला जे होला" (पृष्ठ २२६) । तीर्थाटनमा उनले धैरै दुःख पाइ, कति दिन त भोकभोकै हिँडे । तीर्थाटनबाट धैरै दुःख पाए पछि यात्रा समाप्त गरी द्वारिकामै आमाबाबुसँग बसेकी छन् । राधालाई पनि अब द्वारिकामै

बस्न उनी आग्रह गर्छिन । "राधा, हेर यस्तो राम्रो जीवन हामीले किन त्यसै बर्बाद गर्नु ? यहाँको यस्तो सुख त्यागेर अज्ञात दुःखको संसार तिर किन लाग्नु ? म त तँलाई रोक्न आएकी । तैंले अब द्वारिकामै बसेर ज्ञानको प्रचार गर्नुपर्छ" (पृष्ठ २८८) । यसरी उसले राधालाई सतर्क गराउँछिन् । उसले राधालाई सम्भाउँनु ठूलो भूमिका रहेको छ ।

**क) लिङ्गको आधारमा**

'राधा' उपन्यासमा विशाखा नारी पात्र हो । पहिलाको स्वास्नी मरेको बूढासँग उसका आमाबुबाले विवाह गरिदिन खोज्नुले पनि ऊ नारी पात्र हो । साथै उसको नाम र ऊप्रति प्रयोग गरिएको क्रियापदले पनि ऊ नारी पात्र हो ।

**ख) कार्यको आधारमा**

कार्यका आधारमा विशाखा सहायक पात्र हो । ऊ राधाको आत्मीय साथी हो । राधालाई उसले हरेक कुराहरुको जानकारी गराउनुका साथै तीर्थाटनको यात्रामा पनि सहयोग गरेकी छ ।

**ग) प्रवृत्तिको आधारमा**

प्रवृत्तिको आधारमा विशाखा अनुकूल पात्र हो । उसले कसैलाई पनि नराम्रो व्यवहार गरेकी छैन । उपन्यासभरि नै उसले सकारात्मक भूमिका निर्वाह गरेकी छ ।

**घ) स्वभावको आधारमा**

स्वभावका आधारमा विशाखा गतिशील पात्र हो । सुरुमा विशाखाले तीर्थाटनको यात्रा रोजेकी भए पनि तीर्थाटनको यात्रालाई उसले निरन्तरता दिन सकिन । "राधा ! मलाई घरको साह्रै सम्भना आउन थाल्यो । मलाई आमाको मुख हेर्न मन लाग्यो । म ब्रजमा पुग्न चाहन्छु" (पृष्ठ २४२) । त्यसैले विशाखा गतिशील पात्र हो ।

**ङ) जीवनचेतनाको आधारमा**

राधा उपन्यासमा विशाखा व्यक्तिगत पात्र हो । उसले कुनैपनि वर्गीय समाजको प्रतिनिधित्व गरेकी छैन । उसले व्यक्तिगत रुपमा राधालाई सहयोग गर्ने काम मात्र गरेकी छ । त्यसैले विशाखा व्यक्तिगत पात्र हो ।

**च) आसन्नताको आधारमा**

विशाखा मञ्चीय पात्र हो । उसले उपन्यासमा प्रत्यक्ष रुपमा उपस्थित भएर महत्वपूर्ण भूमिका खेलेकी छ । "म त आएँ राधा, तँसँगै जाने भएर आएँ ।" (पृष्ठ २२३) । त्यसैले उनलाई मञ्चीय पात्रका रुपमा विश्लेषण गर्न सकिन्छ ।

### छ) आबद्धताको आधारमा

आबद्धताको आधारमा विशाखा बद्ध पात्र हो । उसलाई उपन्यासबाट हटाउन मिल्दैन । यदि हटाएमा उपन्यासको संरचनामा असर पर्छ ।

### ज) अन्य आधार

'राधा' उपन्यासका सहायक पात्र विशाखाको अध्ययन वर्गीकरण र विश्लेषण सामाजिक यथार्थवाद र मनोविश्लेषणवादका आधारमा गरिएको छ । उसले राधालाई पूर्ण रुपमा सहयोग गरेकी छन् । बुबा आमाले आफ्नो इच्छा विपरीत एउटा बुढासँग जबरजस्ती विवाह गर्न खोजेपछि तीर्थाटनमा निस्केकी उसले त्यो यात्रालाई निरन्तरता दिन सकिन । तीर्थाटन यात्रामा पाएका दु:खहरुसँग जुध्न राधालाई समेत अब तीर्थाटनमा नफर्किन सल्लाह दिन्छे । यसैले ऊ सामाजिक यथार्थवादी पात्र हो ।

## ४.३.७. नन्द राय

नन्द राय 'राधा' उपन्यासका सहायक पात्र हुन् । सुरुमा उनी समाजमा कृष्णका बुबाका रुपमा परिचित रहे पनि वास्तविक रुपमा  एकानंशाको बुबा हुन्  । नन्द रायले बासुदेवको छोरा कृष्णसँग आफ्नी छोरी एकानंशालाई साटेका हुन् । "ईश्वरको लीला यही होला । संयोग नै सम्भ बासुदेव, भर्खरै दुईघण्टा अगि मात्र मेरा घरमा एउटा पुत्री जन्मेकी छ । यशोदा निदाएकी छन् । तिनलाई पुत्र पुत्रीको ज्ञान छैन । तिमी त्यसलाई लैजाऊ । कंशले पुत्रीलाई निश्चय पनि मार्दैन । तिमी पुत्री हुर्काउ, म पुत्र हुर्काउछु" (पृष्ठ ८३) । कृष्णको जन्मकथाको कुरा विस्तारै सारा ब्रजभरि आगोसरि फैलिए पछि नन्द रायको धर्मपत्नी यशोदाले पनि थाहा पाउँछिन । अपराध बोधले ग्रस्त तिनी आफैभित्र आफै होचिँदै गइरहेका थिए । "त्यो कस्तो पति हो, जसले आफ्नै पत्नीलाई यसरी धोका दिन्छ यशोदा । तर म त्यही अभागी पति हुँ, जसले तिमी जस्ती पत्नी पाएर पनि तिम्रो सम्मान गर्न सकेन । मलाई क्षमा देउ प्रिय, मलाई दाया गर" (पृष्ठ १११) । नन्द रायले विगत, वर्तमान र भविष्यलाई जोडेर सारा वृतान्त यशोदालाई सुनाए पछि बल्ल उनीहरुको मनको बोभ हलुका भएको हुन्छ । यसरी नन्द रायको माध्यमबाट हरेक चिजको समय आउँछ । आफूले गरेको गल्तीको ढिलो चाँडो जहिले पनि प्रायश्चित गर्नुपर्छ । गल्तीलाई स्वीकार्नु पर्छ अनि मात्र वातावरण सहज बन्छ भन्ने कुराको सन्देश दिइएको छ ।

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा नन्द राय पुरुष पात्र हुन् । उनी यशोदाको पति, एकानंशाको बुबा भएकाले पनि पुरुष पात्र हुन् ।

### ख) कार्यको आधारमा

राधा उपन्यास (२०७०)मा नन्द राय सहायक पात्र हुन् । उनले कृष्णलाई उचित पालनपोषण गरी एउटा असल अभिभावकको जिम्मेवारी पूरा गरेका छन् । उनले गरेका हरेक कामहरु महत्वपूर्ण छन् ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिका आधारमा नन्द राय अनुकूल पात्र हुन् । उनले गरेका हरेक कामहरु सकारात्मक छन् । उनी कसैको पनि कुभलो चाहँदैनन् । त्यसैले ब्रजवासीहरुले उनलाई एक प्रतिष्ठित व्यक्तिको रुपमा लिन्छन् । हुन त उनले आफ्नै श्रीमती यशोदाप्रति ठूलै अन्याय गरे पनि आफ्नो गल्तीको प्रायश्चित गरेका छन् र उनले गरेको त्यो काम पनि सफल भएको छ ।

### घ) स्वभावको आधारमा

स्वभावका आधारमा नन्द राय गतिशील पात्र हुन् । उनले घटना र परिवेश अनुसार आफ्नो स्वभावमा परिवर्तन गरेका छन् । उनले नाबालक शिशु यशोदालाई थाहा नदिई साटेर गल्ती गरेको भए पनि पछि त्यसको प्रायश्चित गरेका छन् । त्यसैले नन्द राय गतिशील पात्र हुन् ।

### ङ) जीवनचेतनाको आधारमा

राधा उपन्यासमा नन्द राय वर्गीय पात्र हुन् । उनले सिङ्गो समाजको प्रतिनिधित्व गरेका छन् । उनले गरेका कामहरु सबैजनाको हक हितका निम्ति गरेको देखिन्छ । आफ्नो परिवारको खुसीलाई भन्दा अरुको खुसीमा साथ दिने नन्द राय वर्गीय पात्र हुन् ।

### च) आसन्नताको आधारमा

आसन्नताको आधारमा नन्द राय मञ्चीय पात्र हुन् । उनले प्रत्यक्ष रुपमा मञ्चमा उपस्थित भएर भूमिका खेलेका छन् । "तिमी किन यस्तो अनौठो पाराले मलाई हेरछ्यौ यशोदा ? बोल । तिमी केही बोल । तिम्रो मनको सारा पिर मलाई खन्याऊ । म ती सबै कुराको समाधन गर्ने प्रयत्न गर्नेछु" (पृष्ठ २०४) ।

### छ) आबद्धताको आधारमा

नन्द राय राधा उपन्यासका बद्ध पात्र हुन् । उनको उपन्यासमा महत्वपूर्ण भूमिका रहेको छ । यदि नन्द रायलाई कथानकबाट हटाइदिने हो भने कथावस्तु अपूर्ण बन्न पुग्दछ ।

## ४.३.८.गर्ग ऋषि

गर्ग ऋषि राधा उपन्यासको सहायक पात्र हुन् । उनको भूमिका उपन्यासमा महत्वपूर्ण रहेको छ । कथानकलाई रोचकता दिँदै पाठकहरुको मनलाई आत्मसन्तुष्टि दिने काम नै उनीबाट भएको छ । उनी अन्याय र अत्यचारलाई परास्त गरी सत्यको विजय प्राप्त गर्न चाहने पात्र हुन् । उनैका माध्यमबाट राधा उपन्यासमा कृष्णले कंशविरुद्धको युद्ध जितेको हो । कृष्णलाई उसको जन्म कथामा रहेको रहस्य सुनाएर कंशजस्ता अत्याचारी विरुद्ध युद्ध गर्नको लागि कृष्णलाई उनैले अभिप्रेरित गरेका हुन् । यस युद्धमा उनले पूर्ण रुपमा सहयोग गरेका छन् । एक हिसाबले गर्ग ऋषि कंशको पक्षमा उभिएर बिना हतियार लडिरहेका योद्धा हुन् । युद्ध जिताउनका लागि उनले कंशको मन्त्री अक्रूरजीलाई हातमा लिएर थुप्रै महत्वपूर्ण कामहरु गरेका छन् । “अक्रूरजी, जानी नजानी अब हामी यो युद्धमा सामेल भैसकेका छौँ । सत्यका पक्षमा उभिनु सबैको कर्तव्य हो, तर साह्रै कठिन छ । कृष्ण र बलराम भनेका समय हुन् । ती भविष्य पनि हुन् । तिनले आफ्नो अनुकूल युग बनाउने लडाई लड्नुपर्छ नै, यिनीहरुलाई जनबल, धनबल र अस्त्रबलले सम्पन्न गर्नुपर्ने काम अब हाम्रो जिम्मेवारी भएको छ । त्यसैले अक्रूरजी मैले तपाईंबाट ठूलो सहयोगको अपेक्षा राखेको छु” (पृष्ठ ११८) । यसरी गर्ग ऋषिले अक्रूरजीलाई आग्रह गरेका छन् । उनले कंशको बहादुरी र महानताको प्रशंसा गरी उसको शक्ति कमजोर पार्ने काम गरेका छन् । “तर महाराजको नाम सुन्दा भने तिनीहरु डरले लगलग काँप्थे । कतिपय मानिसहरुले तिनीहरुलाई धम्क्याउनु पर्‍यो भने महाराजको नाम लिएर मथुरामा उजुर गर्ने भन्नासाथ तिनीहरु ठण्डा हुन्थे ” (पृष्ठ १२१) । यसरी हरेक बुद्धि, विवेक र मन्त्र लगाएर भने पनि सबैलाई आफ्नो वशमा पार्ने सक्ने अद्‌भूत क्षमता गर्ग ऋषिमा निहित रहेको देखिन्छ । उनले युद्धका हरेक कला र नियमहरुको जानकारी राधालाई समेत गराएका छन् । युद्ध भनेको कुनै औपचारिकता होइन नानी । युद्धमा जित्ने लक्ष्य प्रमुख रहन्छ । युद्ध जित्नका लागि आवश्यक पर्ने जनबल, हातहतियार, धोका, षड्यन्त्र सबै चिज जायज हुन्छन् । आवश्यकता परे विदेशीकै पनि सहयोग लिनुपर्छ” (पृष्ठ १३४) । साथै उनले अरु गाउँलेहरुलाई पनि राम्रोसँग सम्झाउने काम गरेका छन् । उनको विचार उच्च छ । यहाँ भएका सबै कामहरु विचारले नै भएका छन् । हरेक कार्यमा

सफलता हात पार्नका लागि आफ्नो बुद्धि, विवेक, विचार र क्षमता आवश्यक हुन्छ भन्ने कुरा यस उपन्यासमा गर्ग ऋषिका माध्यमबाट प्रष्ट पारिएको छ । उनले गरेका सबै कामहरु महत्वपूर्ण र सह्रानीय छ । उपन्यासमा गर्ग ऋषि छोटो भूमिकामा देखा परे पनि उनको महत्वपूर्ण स्थान रहेको छ । विशेष गरी गर्ग ऋषिका माध्यमबाट युद्धलाई नजिकैबाट हेर्न खोजिएको छ । शैलीवैज्ञानिक आधारमा गर्ग ऋषिलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

## क) लिङ्गको आधारमा

लिङ्गका आधारमा गर्ग ऋषि पुरुष पात्र हुन् । अनुहारभरि भ्याप्प सेता दाह्री, लामो सेतो कपाल आदि कारणले पनि उनी पुरुष पात्र नै हुन् । उनी गेरु वस्त्र धारण गरेका महान् ज्ञानी तपस्वी हुन् । उपन्यासमा उनको महत्वपूर्ण भूमिका रहेको छ ।

## ख) कार्यको आधारमा

राधा उपन्यासमा गर्ग ऋषि सहायक पात्र हुन् । उनले यस उपन्यासमा कृष्णले कंशप्रति गरेको युद्ध जिताउनका लागि ठूलो सहयोग गरेका छन् । उनी महान ज्ञानी तपस्वी पनि हुन् । "सत्यका पक्षमा उभिनु सबैको कर्तव्य हो, तर कर्तव्य साह्रै कठीन छ " (पृष्ठ ११८) । उनी बिना हतियार लडिरहेका खतरनाक योद्दा हुन् । उनी उस उपन्यासमा छोटो भूमिकामा देखा परे पनि उनले महत्वपूर्ण काम गरेका छन् ।

## ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिका आधारमा गर्ग ऋषि अनुकूल पात्र हुन् । सत्यका पक्षमा उभिने उनी सत् पात्र हुन् । उनी सबै पाठक वर्गको मन जित्न सफल भएका छन् । उनले गरेका हरेक काम सराहनीय र प्रशंसायोग्य छन् । विशेष गरी उनले मानिसहरुमा युद्ध सम्वन्धी भय र त्रास हुन नदिनका लागि महत्वपूर्ण काम गरेका छन् ।

## घ) स्वभावको आधारमा

स्वभावका आधारमा गर्ग ऋषि गतिशील पात्र हुन् । उनका कार्य व्यवहारहरु समय परिस्थिति अनुसार परिवर्तन भएका छन् । उनले हरेक कार्यहरु दुरुस्त रुपमा प्रस्तुत गरेका छन् । गर्ग ऋषिले विभिन्न किसिमका मन्त्रणाहरु गरेर कंशको शक्तिलाई कमजोर बनाउने काम गरेका छन् । यसरी उसले कृष्णको विजय हासिल गर्न सहयोग गरेका छन् ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाको आधारमा गर्ग ऋषि वर्गीय पात्र हुन् । उनले सबै वर्ग, जाति र सम्प्रदायको प्रतिनिधित्व गरेका छन् । कसैको अन्याय र अत्याचार विरुद्ध आफूलाई पूर्ण रुपमा समर्पित गर्दै लागि पर्नु उनको विशेषता हो ।

### च) आसन्नताको आधारमा

आसन्नताको आधारमा गर्ग ऋषि मञ्चीय पात्र हुन् । उनले प्रत्यक्ष रुपमा मञ्चमा उपस्थित भएर कार्य गरेका छन् । "समय सधैं एउटाको अधिकारमा हुँदैन । यसलाई हाक्ने नयाँ-नयाँ व्यक्तिहरु संसारमा आइरहन्छन्" (पृष्ठ १२१) । यसरी गर्ग ऋषिले गाउँलेहरुलाई सम्झाएका छन् ।

### छ) आवद्धताको आधारमा

गर्ग ऋषि राधा उपन्यासमा बद्ध पात्र हुन् । छोटो भूमिकामा देखिए पनि कथानकले उनलाई पूर्ण रुपमा बाँधिदिएको छ । उनको भूमिका अनिवार्य र सक्रिय रहेको छ । उनलाई उपन्यासबाट हटाइदियो भने कथानकमा असर पर्दछ । त्यसैले गर्ग ऋषि बद्ध पात्र हुन् ।

## ४.३.९ चन्द्रभानु

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा चन्द्रभानु पुरुष पात्र हुन् । उनी शुशीलाका बुबा र उनीप्रति गरिएको क्रियापदले पनि पुरुष पात्र हुन् ।

### ख) कार्यको आधारमा

कार्यका आधारमा चन्द्रभानु सहायक पात्र हुन् । उनले उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिका आधारमा चन्द्रभानु प्रतिकूल पात्र हुन् । उनले राधा र कृष्णको सम्वन्धलाई लिएर राधाको बुबालाई समेत मानसिक तनाब दिएका छन् । "घरभित्रै आफ्नी छोरी फर्सीझैं कुहिरहेकी छे । बाहिर समाजमा बसी नसक्नु चर्चा छ । हाम्रो इज्जत तपाईं हो । तपाईं आफ्नो इज्जतै राख्न सक्नुहुन्न भने हामीले किन प्रधान मान्ने तपाईंलाई ?" (पृष्ठ ५४) जस्ता शब्दहरुको प्रयोग गरेका छन् ।

### घ) स्वभावको आधारमा

स्वभावका आधारमा चन्द्रभानु गतिशील पात्र हुन् । उसले सुरुमा राधाको चरित्रमाथि प्रश्न उठाउने काम गरेका छन् भने पछि आफूले बोलेको कुराप्रति क्षमा माग्दै राधालाई सम्झाउने काम गरेका छन् । “राधा, छोरी भएँ भनेर तिमी आफूलाई कमजोर नठान । छोरा र छोरीहरुमा केही फरक छैन” (पृष्ठ १२७) ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाको आधारमा चन्द्रभानु व्यक्तिगत पात्र हुन् । उनले समाजमा हुने गरेका साना तिना कुराहरुलाई बढाइचढाइ गरी गाउँभरि नै फैलाउने, अरुको चरित्रमा प्रश्न उठाउने जस्ता कुरा गरेका छन् । विशेष गरी राधा र यशोदा माताको चरित्र हत्या गर्ने खालका कुराहरु फैलाएका छन् ।

### च) आसन्नताको आधारमा

आसन्नताका आधारमा चन्द्रभानु मञ्चीय पात्र हुन् । उनले मञ्चमा प्रत्यक्ष उपस्थित भएर कार्य गरेका छन् । “हे वृषभानु ! तपाईं हाम्रो प्रधान हुनुहुन्छ । हाम्रो जातिको प्रधान भएका हैसियतले तपाईं नन्द रायलाई जातिबाट च्युत गर्नोस् ” (पृष्ठ ५३) ।

### छ) आवद्धताको आधारमा

आबद्धताका आधारमा चन्द्रभानु बद्ध पात्र हुन् । उसलाई उपन्यासबाट हटाइदिँदा उपन्यासमा असर पर्न जान्छ ।

### ज) अन्य आधार

राधा उपन्यासमा चन्द्रभानु सहायक पात्र हुन् । उनले कथानकलाई अगाडि बढाउने काम गरेका छन् । उनी प्रतिकूल पात्र हुन् । गाउँका झिना मसिना कुराहरु टिपेर आगो सल्काउने गरेका छन् । नारी चरित्रको अस्मितामाथि छुरा प्रहार गरेका छन् । विशेष गरी उनले राधा र यशोदा माताको चरित्र हत्या गर्ने खालका कुराहरु फैलाएका छन् । अरुको आलोचना गर्दै हिँड्ने उनी समाजका कलङ्क हुन । गाउँलेहरु उनका बारेमा यसरी टिप्पणी गर्छन् -“यो सबै चन्द्रभानुको काम हो । तिनले अनावश्यक रुपमा गाउँलेहरुलाई उल्क्याएर तिललाई पहाड बनाए । लोग्नेमान्छे भएर पनि तिनले साह्रै कलिलो वुद्धि गरे” (पृष्ठ ९४) । यसले यथार्थवादी चरित्रलाई चित्रण गरेको छ । पछिल्ला दिनहरुमा भने उनलाई आफ्नो गल्तीको महसुस भएको छ । आफ्नो गल्तीको पायश्चित गर्दै माफी मागेका छन् । “हे वृषभानु ! हामीलाई क्षमा गर्नोस् । आवेशमा आएर तपाईंको व्यक्तिगत र घरायसी विषयमा

अनावश्यक औंलो ठड्यायौं । वास्तवमा यसमा तपाईंको दोष छैन'' (पृष्ठ ५९) । चन्द्रभानुलाई साथ दिने उनकी छोरी शुशीला सहित अरु पनि एक दुई जना सक्रिय थिए । चन्द्रभानुकी छोरी शुशीलाले पनि आफ्नो पाप पखाल्नकै लागि युद्धमा सामेल भएर शहादत प्राप्त गरिन् । अब उनले हरेक काम गाउँका हितका पक्षमा गर्न थालेका छन् । उनले राधालाई पनि साथ दिन थालेका छन् । ''राधा, छोरी भएँ भनेर आफूलाई कमजोर नठान । छोरा र छोरीमा केही फरक छैन'' (पृष्ठ १२७) भन्दै नारीवादी चरित्रको चित्रण गरेका छन् । मानिसलाई गल्तीको प्रायश्चित गर्न दियो भने राम्रो कार्यमा पनि सरिक हुन सक्छ भन्ने सन्देश चन्द्रभानुको तर्फबाट दिइएको छ ।

### ४.३.१० अक्रूरजी

अक्रूरजी राधा (२०७०) उपन्यासका सहायक पात्र हुन् । उपन्यासमा उनको महत्वपूर्ण भूमिका रहेको छ । उनले कृष्ण र राधालाई अप्रत्यक्ष वा प्रत्यक्ष रुपमा पूर्ण सहयोग गरेका छन् । कृष्णले कंशप्रतिको युद्ध जित्न सबैभन्दा ठूलो हात अक्रूरजीको रहेको छ । अक्रूरजीले गर्ग ऋषिमार्फत् कृष्णको जन्मकथा सुनाएर कंश जस्तो अन्याय र अत्याचारीलाई सदाको लागि समाप्त गरेका छन् । अक्रूरजीले स्वयम् मन्त्री भएर राजा कंशविरुद्ध अप्रत्यक्ष रुपमा कृष्णलाई साथ दिएका छन् । किनकी कंशको अत्याचारले सीमा नाघिसकेको थियो । उनले कृष्णलाई युद्ध जिताउनका लागि आवश्यक जनबल, धनबल र अस्त्रबलका साथै आफ्नो तर्फबाट गर्न सकिने सम्पूर्ण कुराको व्यवस्था मिलाइ दिएका छन् । उनले राधालाई आफ्नो बुबाको सम्पूर्ण जिम्मेवारी बोकेर राजालाई कर तिर्न मथुरामा जाँदा पनि पूर्ण रुपमा सुरक्षाको व्यवस्था गरेका हुन् । ''तपाईंका बारेमा मैले समाचार पाइसकेको थिए । तपाईको पूर्ण सुरक्षाको व्यवस्था गरिएको छ'' (पृष्ठ १३६) । अक्रूरजीले मथुरामा राधालाई हरेक कुरामा सहयोग गरेका थिए । राधालाई केही दिन मथुरामै बसेर सुरक्षा स्थितिबारे बुझ्ने इच्छ हुँदा त्यहाँ बस्न कंशद्वारा असुरक्षित हुने कुरा उनले नै बताएका थिए । ''हेर राधा ! तिम्रो यो विचार उत्तम हो । तिमी जतिकी चलाख र जिम्मेवार केटीले यस्तो सोच्न जायज हो तर अहिले मथुरा र यहाँका राजासँग तुरुन्त विश्वास गर्ने अवस्था छैन । राजाको विचार छिनछिनमा बदलिन्छ । तिम्रो अहिलेको रुप, उमेर र क्षमताले कंशलाई बहकाउन सक्छ । त्यसैले मैले तिम्रो बिदाइको सम्पूर्ण बन्दोवस्त मिलाइदिएको छु । तिम्रो पूर्ण सुरक्षाका लागि ब्रजसम्म नै सुरक्षाबल तिम्रो साथमा हुनेछ । बाटो लागिहाल'' (पृष्ठ १४३) । मथुरामा भइरहेको सम्पूर्ण गतिविधिको जारकारी अक्रूरजीद्वारा नै भएको छ । मथुरामा राजा कंशद्वारा

धनुर्यज्ञको आयोजना गरिएको थियो । त्यस धनुर्यज्ञमा कृष्णका सेनाहरुलाई कंशकै सेनाका पोशाकमा सुशोभित पार्ने काम अक्रूरजीले नै गरेका छन् । यही धनुर्यज्ञ कार्यक्रममै कृष्णद्वारा कंशको बध गरिएको थियो । यसरी अक्रूरजीले अत्याचारी राजा कंश विरुद्धको युद्ध सफल पार्नका लागि महत्वपूर्ण भूमिका खेलेका थिए ।

राधा (२०७०) उपन्यासमा प्रयुक्त सहायक पात्र अक्रूरजीको शैलीवैज्ञानिक आधारमा चिरित्रिक विश्लेषण निम्नानुसार गरिएको छः-

**क) लिङ्गको आधारमा**

लिङ्गका आधारमा अक्रूरजी पुरुष पात्र हुन् । राधाले उनलाई बुबासरह मानेकी छन् । साथै उनीप्रति प्रयोग भएका क्रियापदहरुले पनि उनी पुरुष पात्र हुन् ।

**ख) कार्यको आधारमा**

राधा उपन्यासमा अक्रूरजी सहायक पात्र हुन् । यस उपन्यासमा उनको भूमिका महत्वपूर्ण रहेको छ । उनले राधा र कृष्णलाई कंशविरुद्धको युद्ध जिताउनका लागि पूर्ण रुपमा सहयोग गरेका छन् ।

**ग) प्रवृत्तिको आधारमा**

प्रवृत्तिका आधारमा अक्रूरजी अनुकूल पात्र हुन् । उनी सत्यको पक्षमा उभिएर अन्याय र अत्याचारी विरुद्ध लड्नको लागि सहयोग गर्ने पात्र हुन् ।

**घ) स्वभावको आधारमा**

स्वभावका आधारमा अक्रूरजी गतिशील पात्र हुन् । उनले आफू कंशकै मन्त्री भएर पनि कंशलाई बध गरेको हेर्न चाहन्छन् । उनले यस उपन्यासमा समय र परिस्थिति अनुसार आफ्ना विचारहरुलाई परिवर्तन गरेका छन् ।

**ङ) जीवनचेतनाको आधारमा**

जीवनचेतनाको आधारमा अक्रूरजी वर्गीय पात्र हो । उसले अन्यायमा परेका जनताहरुको अधिकारलाई स्थापित गरेको छ । कृष्णलाई उसले अप्रत्यक्ष रुपमा सहयोग गरेर युद्ध जिताएको हो । अत्याचारी विरुद्ध लड्ने ऊ महान् योद्धा हो ।

**च) आसन्नताको आधारमा**

आसन्नताको आधारमा अक्रूरजी मञ्चीय पात्र हुन् । उनको प्रत्यक्ष रुपमा उपस्थिति उपन्यासमा भएको छ । उनले मञ्चमा उपस्थित भएर भूमिका खेलेका छन् ।

**छ) आबद्धताको आधारमा**

अक्रूरजी बद्ध पात्र हुन् । उनी उपन्यासमा कथानकले बाँधिएका छन् । उनलाई कथानकबाट हटाइदिँदा उद्देश्य नै अपूर्ण हुन्छ । उपन्यासबाट अक्रूरजीलाई हटाउन मिल्दैन । किनकी उपन्यासमा उनको महत्वपूर्ण भूमिका रहेको छ ।

## ४.३.११ एकनंशा

**क) लिङ्गको आधारमा**

लिङ्गका आधारमा एकनंशा स्त्री पात्र हो । ऊ नन्द रायाकी छोरी हो । छोरी भएकै कारण नन्द रायले बासुदेवको छोरा (कृष्ण) सँग साटेका हुन् । दुर्वासा ऋषिकी पत्नी हुनाले स्त्री पात्र नै बुझिन्छ ।

**ख) कार्यका आधारमा**

एकनंशा कार्यका आधारमा सहायक पात्र हो । विशेष गरी उसले राधालाई सहयोग गरेकी छ । उसले पुरातनवादी समाजका पुरुषहरुले महिलाहरुप्रति गरिने व्यवहारलाई स्पष्ट पारेकी छ । ‘‘म त प्रत्येक पुरुषहरुमा बासुदेव र नन्द रायको अनुहारभित्र पनि कंश प्रवृत्ति देख्छु । नारीविरुद्ध घिनलाग्दो षड्यन्त्रकारी नङ्ग्रा देख्छु । तिनीहरु माया लाग्दा, दया लाग्दा, प्रेम लाग्दा भएर पनि भित्रभित्रै कुटुकुटु खाइरहने किरा देख्छु’’ (पृष्ठ २८४) ।

**ग) प्रवृत्तिको आधारमा**

प्रवृत्तिका आधारमा एकनंशा अनुकूल पात्र हो । उसले निकृष्टतको राधा समक्ष समाजको निकृष्टताको खुलेर चर्चा गर्दै नारीले सहेर बस्नुपर्ने बाध्यता रहेको कुरा व्यक्त गरेकी छ ।

**घ) स्वभावको आधारमा**

स्वभावका आधारमा एकनंशा गतिशील पात्र हो । उसले कुनै पनि कुराको विरोध गरेकी छैन । ‘‘मेरा अघि म भन्दा कयौं वर्ष जेष्ठ पुरुष लामालामा दाह्री हातले मुसार्दै दुलाहा बनेर उभिएका थिए । सारा समाजका अघि मैले त्यसलाई माला लगाइदिएँ’’ (पृष्ठ २८५) । उसले राधालाई समेत आफ्नो सोचाइमा परिवर्तन नगर्न सल्लाह दिएकी छ ।

**ङ) जीवनचेतनाको आधारमा**

जीवनचेतनाको आधारमा एकनंशा वर्गीय पात्र हो । उसले सारा पुरुषहरुको निकृष्टताप्रति व्यङ्ग्य गरेकी छ । उनी भन्छिन्-‘‘पुरुषहरुको नजरमा छोरीहरु भनेका त दासी हुन् । सन्तान जन्माइदिने प्राविधिक यन्त्र हुन् त्यति हो’’ (पृष्ठ २८४) । मानव सभ्यतामा नारी र

पुरुषबीच गरिने विभेदलाई एकनंशाद्वारा आक्रोश व्यक्त गरिएको छ । तर सारा समाजको अगाडि भने ऊ विरोध गर्न नसक्ने विवश पात्र हो ।

### च) आसन्नताको आधारमा

एकनंशा आसन्नताको आधारमा मञ्चीय पात्र हो । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष रुपमा रहेको छ । "के एउटा पुरुषले यत्रा हजारौँ नारीहरुको इच्छा पूरा गर्न सक्ला" (पृष्ठ २८३) ।

### छ) आवद्धताको आधारमा

आवद्धताको आधारमा एकनंशा बद्ध पात्र हो । उसको उपन्यासमा महत्वपूर्ण भूमिका रहेको छ । उसलाई उपन्यासबाट निकालिदिँदा असर पर्न जान्छ ।

### ज) अन्य आधार

एकनंशा राधा (२०७०) उपन्यासकी सहायक पात्र हो । ऊ नन्द राय र यशोदाकी छोरी हो । छोरी भएकै कारण नन्द रायले बासुदेवको छोरा कृष्णसँग एकनंशालाई साटिएको हो । एकनंशाको माध्यमबाट समाजमा छोरा र छोरीप्रति गरिएको विभेदलाई स्पष्ट पारिएको छ, जुन व्यवहारप्रति उसको असन्तुष्टि र आक्रोश राधा समक्ष पोखाइएको छ । तर उसले छोरीप्रति समाजले गरिएको व्यवहारलाई भने अस्वीकार गर्न सकेकी छैन । "मेरा लागि मेरो कुनै राय लिइएन । मेरा अघि म भन्दा कयौं वर्ष जेष्ठ पुरुष लामा लामा दाह्री हातले मुसार्दै दुलाहा बनेर उभिएको थियो । सारा समाजका अघि मैले त्यसलाई माला लगाइदिएँ । मलाई कसैले सोधेन । मैले पनि आफ्नो मत कसैसँग राखिन" (पृष्ठ २८५) । जुन समाजको विरोध गर्थी ऊ त्यही समाजको सिकार बनेकी छ । आफ्नै पिता नन्द राय र बासुदेवलाई नारीविरुद्ध घिनलाग्दो षड्यन्त्रकारी नङ्ग्रा देख्ने एकनंशा आज आफ्नो पूर्वपत्नी कन्दलीलाई घिउ खन्याएर भस्म गर्ने दुर्वासा ऋषिलाई पति स्वीकार गरी उसैको यौन साधन बन्न विवश छ । उसलाई आफ्नै पतिको पनि विश्वास छैन । "म जतिबेला पनि त्रसित छु, आतङ्कित छु, असुरक्षित छु । कुनै पनि बेला मेरो बध हुन सक्छ मेरो धर्मपतिका हातबाट" (पृष्ठ २८६) । यसरी नारीले बाँच्नु परेको विवश जीन्दगीको उदाहरण आफै बनेको र त्यस्ता बन्धनलाई कुनैपनि नारीहरुले तोड्न नसकेको कुरा व्यक्त गरेकी छ । "के एउटा पुरुषले यत्रा हजारौं नारीहरुको इच्छा पूरा गर्न सक्ला ? तर तिनीहरु बाँधिएका छन् बाध्यताले । राधा ! प्रत्येक नारीले कृष्णसँग एक रात पाउनुपर्दा पनि उसले चवालीस वर्षको पालो पर्खिनुपर्छ । के यो सम्भव छ ?" (पृष्ठ २८३) । नारीहरुले आफ्नो इच्छा विपरीत हरेक

कुराहरुलाई सम्भव बनाउनुपर्ने बाध्यता रहेको छ । त्यसैले राधालाई यस्तो बाध्यतामा नफस्नको लागि एकनंशाले अनुरोध गरेकी छ । एकनंशाको माध्यमबाट सामाजिक यथार्थवाद, नारीवादका साथै मनोविश्लेषणवाद चरित्रको चित्रण गरिएको छ । एकनंशा यश उपन्यासकी महत्वपूर्ण पात्र हो ।

## ४.३.१२ पिल्ली

राधा (२०७०) उपन्यासमा पिल्ली सहायक पात्र हो । राधाले तीर्थाटनको यात्रामा भेटेकी पिल्ली गरिव समाजको प्रतिनिधि पात्र हो । उसले जीवनमा थुप्रै त्याग र समर्पणहरु गरेकी छ । उसको आमाबुबा कोही छैनन् । काका काकीको साथमा हुर्केकी ऊ काम गर्न गएका युवकसँग गहिरो प्रेममा फसेपछि गन्धर्व विवाह गरी आफ्नो श्रीमान्‌को घरमा आएकी हो । जसको भरमा आएकी थिई उसको पनि निधन भएपछि ऊ मात्र सासुको सहारामा बाँच्न विवश हुन्छे । उनीहरु दैनिक जङ्गलमा कन्दमुल खोजेर आफ्नो जीविकोपार्जन गर्छन् । ऊ गम्भीर प्रकृतीकी साह्रै चलाख थिई । राधासँग भेट भएपछि उसले सासुकै सल्लाहमा राधासँग द्वारिका जाने निर्णय गरी आफ्नो घर र एक्ली सासुलाई छोडेर हिँडेकी छ । तर राधा द्वारिकामा नबसी तीर्थाटनकै यात्रालाई निरन्तरता दिने भएपछि ऊ पनि राधासँगै यात्रामा जान चाहन्छे । “तपाईंको यात्रामा मलाई पनि सामेल गराउनुहोस् । म तपाई बिना कोसँग बसुँ” (पृष्ठ २९०) । राधाले जति सम्झाउँदा पनि ऊ मानिन । यात्राकै क्रममा पिल्ली शेर्पा बुढाको छोरासँग नजिक हुँदै गएकी हुन्छे । छुट्टिने बेलामा आफ्नो गलामा लगाएको सिपीको माला खोलेर युवकलाई दिन्छे र शेर्पा युवकले पनि गलाबाट एउटा जीमाला उतारेर पिल्लीका हातमा दिएको चिनो साटासाट गरेको हुन्छ । कठिन हिमालय क्षेत्रको यात्रापछि उनीहरु काली गण्डकीको किनारामा आइपुग्दा ऊ आफ्नो आमा, बुबा, आफन्त र समाज सबैलाई सम्झेर रुन्छे । यसरी पिल्लीले राधाको यात्रामा पूर्ण रुपले साथ दिएकी छ । यस उपन्यासमा पिल्ली साहसी, सहयोगी पात्रको रुपमा चित्रित भएकी छ ।

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा पिल्ली नारी पात्र हो । गन्धर्व विवाह गरी आफ्नो पतिको भरमा आएकी, पतिको निधन भएपछि उनी विधुवा बनेको, शेर्पा युवकसँग प्रेम गरेको जस्ता कुराले पनि पिल्ली नारी पात्र हो ।

### ख) कार्यको आधारमा

कार्यको आधारमा पिल्ली सहायक पात्र हो । उसले राधालाई पूर्ण रुपमा सहयोग गरेकी छ । ऊ राधाको तीर्थाटन यात्रामा आइपरेका हरेक दुःख कष्ट र अप्ठ्याराहरुमा साथ दिने आत्मीय साथी बनेकी छ ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिको आधारमा पिल्ली अनुकूल पात्र हो । उसले गरेका हरेक कामहरु सकारात्मक छन् । उसले उपन्यासमा सहयोगी भूमिका निर्वाह गरेकी छ ।

### घ) स्वभावको आधारमा

स्वभावको आधारमा पिल्ली गतिशील पात्र हो । उसका सोचाइहरु गतिशील छन् । एउटा युवकको प्रेममा परेर उसले सारा आफन्तहरुलाई त्यागेर गन्धर्व विवाह गरी आउनु, पतिको मृत्यु भएपछि एउटी बूढी सासुलाई पनि एक्लै छोडेर यात्रमा हिँड्नु जस्ता कार्य व्यवहारले पिल्ली गतिशील पात्र हो ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाको आधारमा पिल्ली वर्गीय पात्र हो । ऊ अरुको साथ सहयोगमा रम्न चाहने सहयोगी पात्र हो । उसले गरीव वर्गको प्रतिनिधित्व गरेकी छ ।

### च) आसन्नताको आधारमा

आसन्नताको आधारमा पिल्ली मञ्चीय पात्र हो । उसको उपस्थिति उपन्यासमा प्रत्यक्ष रुपमा रहेको छ । ''मसँग अलिकति तरुल छ, हिजै राति उसिनेको, त्यही तताएर खाने ?'' (पृष्ठ २४८) । उनको भूमिका उपन्यासमा महत्वपूर्ण छ ।

### छ) आबद्धताको आधारमा

आवद्धताको आधारमा पिल्ली बद्ध पात्र हो । उसलाई उपन्यासबाट हटाउँदा कथानकमा असर पर्न जान्छ । पिल्लीद्वारा ग्रामीण परिवेशको साथै अभाव, विपन्नता र गरिबीको चित्रण गरिएको छ ।

### ४.४.१३ रुक्मिणी

रुक्मिणी राधा उपन्यासकी सहायक पात्र हो । ऊ विदर्भ देशका राजा भीष्मकी छोरी र कृष्णकी प्रथम धर्मपत्नी हो । दाजु रुक्मले उनको विवाह शिशुपालसँग गर्न खोजेपछि रुक्मिणीले कृष्णसँग विवाह गरेकी हो । तर कृष्णले राधालाई नै प्रेम गरेको कुरा थाहा

पाएपछि ऊ पश्चातापमा पर्न थालेकी हुन्छे । "दिदी, मेरो विवाहभन्दा अगि हजुरका बारेमा ज्ञान भएको भए म कृष्णसँग विवाह गर्ने थिइनँ" (पृष्ठ २७१) । कृष्णले विवाहको प्रथम रात राधा भवनमा एक्लै बिताएको कुरा थाहा पाएपछि उसलाई कृष्णसँग विवाह गरेर गल्ती गरेको महसुस हुन्छ । रुक्मिणीले राधालाई दिदी भनेर सम्बोधन गर्दै सारा वृतान्त सुनाएकी छ । कृष्णले रुक्मिणी पछि पनि एक पछि अर्को गर्दै युवतीहरु हरण गरेर ल्याइरहे । त्यसमा रुक्मिणीले केही विरोध गरिन । "गुनासो त कहिल्यै गरिन, विरोध पनि गरिन । सायद त्यो मेरो कमजोरी थियो होला । सुरुमै भयानक विरोध गरेको भए त्यस्ता गल्ती गर्दैनथे की !" (पृष्ठ २७३) । रुक्मिणी बाहेक कृष्णले सोह्र हजार एकसय सात जना विवाह गरेर ल्याउँदा पनि उनी कृष्णप्रति सकारात्मक नै रहेकी छन् । एउटा कृष्ण सबैसँग बाँडिनु पर्दा भने उसलाई कताकता इर्ष्या र डाहा लागेर आउँथ्यो तर उनी केही प्रतिकार गर्न सक्दिनथी । रुक्मिणीले कृष्णका हरेक कुरामा सहयोग गर्ने र सम्झाउने गरेकी छ । यस उपन्यासमा रुक्मिणी बाध्यताले बाँधिएकी एक निरीह पात्र हो । हाम्रो समाजमा एउटा पुरुषले हजारौं युवतीसँग विवाह गर्न पाउने तर नारीले चाँहि एउटा बाहेक अरुसँग विवाह गर्न नपाउने परम्परालाई यस उपन्यासमा व्यङ्ग्य गरिएको छ । रुक्मिणी यसकै प्रतिनिधि पात्र हो ।

### क) लिङ्गको आधारमा

लिङ्गको आधारमा रुक्मिणी नारी पात्र हो । राजा भीष्मकको छोरी र कृष्णकी धर्मपत्नी भएकीले पनी ऊ नारी पात्र नै हो । "आज यो नगरभरी कृष्णका पत्नी म बाहेक सोह्र हजार एकसय सात जना छन्" (पृष्ठ २७३) । त्यसैले पनि ऊ नारी पात्र हो ।

### ख) कार्यको आधारमा

कार्यको आधारमा रुक्मिणी सहायक पात्र हो । ऊ कृष्णकी धर्मपत्नी भएकाले पनि उसको भूमिका महत्वपूर्ण रहेको छ । उसले कृष्णलाई हरेक कुरामा सम्झाउने र सहयोग गर्ने काम गरेकी छ । "म पनि हजुरकै साथमा हुन्छु, उनी जे भन्छिन् चित्तबुझ्दो जवाफ मै दिन्छु" (पृष्ठ २७५) ।

### ग) प्रवृत्तिको आधारमा

प्रवृत्तिको आधारमा रुक्मिणी अनुकूल पात्र हो । उसले कसैलाई पनि नराम्रो व्यवहार गरेकी छैन । ऊ राधालाई भन्छे -"दिदी मेरो विवाहभन्दा अगाडि मलाई हजुरका बारेमा ज्ञान भएको भए म कृष्णसँग विवाह गर्ने थिइन" (पृष्ठ २७१) । ऊ सबैलाई सहयोग गर्ने सहयोगी पात्र हो ।

### घ) स्वभावको आधारमा

स्वभावको आधारमा रुक्मिणी स्थिर पात्र हो । ऊ कृष्णकी प्रथम धर्मपत्नी हो । कृष्णले हजारौं पत्नीहरु ल्याउँदा पनि उसले प्रतिकार गरेकी छैन । उनले आफ्नो पतिव्रता धर्म छोडेकी छैन । प्रत्येक बिहान बेलुका गोडा धोएर पानी खानुले रुक्मिणीको यो धर्मलाई बुझाउँछ । त्यसैले ऊ स्थिर पात्र हो ।

### ङ) जीवनचेतनाको आधारमा

जीवनचेतनाको आधारमा रुक्मिणी वर्गीय पात्र हो । उसले आम नारी वर्गको प्रतिनिधित्व गरेकी छ । आफ्नै आँखा अगाडि लोग्नेले अर्को पत्नी लिएर अउँदा पनि त्यसलाई नारीले सहर्ष स्वीकार गर्नुपर्ने बाध्यतालाई प्रष्ट पारिएको छ ।

### च) आबद्धताको आधारमा

आवद्धताको आधारमा रुक्मिणी बद्ध पात्र हो । रुक्मिणीलाई उपन्यासबाट हटाउँदा कथानक खलबलिन सक्छ । उसको भूमिका महत्वपूर्ण रहेको छ ।

### छ) आसन्नताको आधारमा

आसन्नताको आधारमा रुक्मिणी मञ्चीय पात्र हो । उसले प्रत्यक्ष मञ्चमा उपस्थित भएर भूमिका निर्वाह गरेकी छ । "पिल्लीलाई म राख्छु, मेरी सखी बनाउँछु, सहयोगी पार्छु" (पृष्ठ २७०) ।

## ४.४ गौण पात्रहरू

राधा (२०७०) उपन्यासमा माथि उल्लेखित पात्रबाहेक अन्य थुप्रै गौण पात्रहरु रहेका छन् । गौण पात्रहरु जतिबेला उपस्थित हुन्छन् त्यती नै बेला उनीहरुको कार्य समाप्त भइसकेको हुन्छ । यस्ता पात्रहरु कोही मञ्चमा देखिन्छन् भने कोही नेपथ्यबाट आफ्नो भूमिका निर्वाह गर्छन् । यी पात्रहरुलाई उपन्यासबाट निकाल्दा खासै असर नपरे पनि यसको स्थान महत्वपूर्ण नै रहेको हुन्छ । उपन्यासलाई सफल पार्नको लागि गौण पात्रहरुको पनि आवश्यकता पर्दछ । यस उपन्यासमा रहेका गौण पात्रहरुको भूमिकालाई छोटकरीमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क) शशीकला

शशीकला यस उपन्यासकी गौण नारी पात्र हो । ऊ राधाकी साथी हो । शशीकलाको प्रमुख र सहायक पात्रको जति भूमिका नरहे पनि उसको भूमिका महत्वपूर्ण रहेको छ । उसले राधासँग प्रत्यक्ष सम्वाद गरी आफ्नो घमण्ड त्यागेर राधालाई द्वारिका जान अनुरोध गरेकी छ

। "केबल तेरो घमण्डले तँलाई दण्डित गरिरहेको छ । फुकालेर फ्याँकिदे यो अहम् र दौडी द्वारिका" (पृष्ठ २००) भनेर राधालाई सम्झाउने काम गरेकी छ । ऊ व्यक्तिगत मञ्चीय, मुक्त र अनुकूल पात्र हो ।

### ख) उद्धब

उद्धब यस उपन्यासको गौण, पुरुष पात्र हो । ऊ कृष्णको घनिष्ट मित्र हो । उसले राधासँग प्रत्यक्ष सम्वाद गरी खबर आदान-प्रदान गरिदिने माध्यमका रुपमा काम गरेको छ । "आफ्नो कामको व्यस्तताले अहिले उहाँलाई यहाँ आउन सम्भव भएन । त्यसैले तपाईलाई भेटी कृष्णको खबर बताउन भनी उहाँले मलाई पठाउनुभयो" (पृष्ठ १७९) ।

### ग) रोहित

रोहित कृष्णको असल साथी हो । उसले युद्धमा सामेल भएर कृष्णलाई साथ दिएको छ । उसले राधासँग प्रत्यक्ष सम्वाद गरी कृष्णले कंशप्रतिको युद्धका लागि गरिएको तयारीका साथै कंशको बध कसरी गरियो त ? भन्ने कुरा राधालाई सुनाउने काम गरेको छ । ऊ यस उपन्यासको गौण, पुरुष, मञ्चीय र अनुकूल पात्र हो ।

### घ) यशोदा

यशोदा सहायक पात्र नन्द रायसँग जोडिएर आएकी छन् । उनी नन्द रायको श्रीमती हुन् । उनी आफ्ना सन्तानलाई साह्रै माया गर्छिन् । उनी साह्रै सोझी र इमान्दार नारी हुन् । पति नन्द रायले आफू प्रसव पीडामा चिर निन्दामा परेको बेला थाहै नदिई आफ्नो शिशु उठाएर अरुकै शिशु पोल्टामा हाल्दिन्छन् । पछि यशोदाले त्यो रहस्य थाहा पाए पछि पतिसँग बिलौना गर्दै गुनासो पोखेकी छन् । "तपाई मेरो पोल्टामा जे हाल्नुहुन्छ, त्यसैलाई हुर्काइदिने म त त्यस्तो कुखुरा रहेछु, जसले आफ्नो र अर्काको अण्डा चिन्दैन र ओथारो बस्छ" (पृष्ठ १०७) तर विवश यशोदालाई यथार्थ स्वीकार्नुभन्दा बाहेक केही उपाय हुँदैन । उनी यस उपन्यासकी गौण, अनुकूल, व्यक्तिगत र मञ्चीय नारी पात्र हुन् ।

### ङ) बलराम

बलराम कृष्णको दाजु सौतेनी आमा रोहिणी माताको छोरा हुन् । यस उपन्यासमा बलरामको नाम कृष्णसँगै जोडिएर आउँछ । उनले प्रमुख पात्र कृष्णलाई हरेक कुरामा साथ दिएका छन् । कृष्णको जोडि भएर उनले पनि कृष्णसँगै युद्ध लडेका छन् । अन्त्यमा युद्ध जितेपछि कुकुधी नामका राजाकी छोरी रेवतीसँग विवाह सम्पन्न गरी आनन्दसँग बसेका

छन् । उपन्यासमा उनले प्रत्यक्ष रुपमा सम्वाद नगरेकाले उनी नेपथ्य, अनुकूल, वर्गीय र गौण पात्र हुन् ।

### च) विशाखाका आमा बुबा

विशाखाका आमाबुबा यस उपन्यासाका गौण पात्रहरु हुन् । उनीहरु प्रत्यक्ष उपस्थित भएर भूमिका निर्वाह गरेकाले मञ्चीय पात्रहरु हुन् । उनीहरुले आफ्नो छोरीको इच्छाविपरीत एउटा स्वास्नी पिराहा बूढो मान्छेसँग छोरीको विवाह गरिदिन खोज्ने पुरातनवादी सोच भएका पात्रहरु हुन् । "के खाउँ के लाउँको समस्या छैन । तीन हजार गाईको मालिक छन् । नोकर चाकर राखेर खान पाउँछे" (पृष्ठ २२५) भनेर विशाखाको बुबाले भन्छन् । उनीहरुलाई राधाले सम्झाएपछि र वास्तविक कुरा बुझेपछि उनीहरु गतिशील स्वभावका व्यक्तिगत पात्रहरु हुन् । उनीहरुको भूमिका छोटो भएपनि महत्वपूर्ण रहेको छ ।

### छ) कंश

कंश यस उपन्यासको प्रतिकूल पात्र हो । ऊ कृष्णको मामा हो । उसले मथुरामा आफ्नै बुबा उग्रसेनलाई पदच्युत गरी थुनामा राखेर आफू राजा बनेको छ । उसले सपनाका कुरामा विश्वास गरेर आफ्नै बहिनी देवकीका कोखबाट जन्मेका सबै शिशुहरुलाई गायब गरेको छ । बासुदेवले आफ्नो छोरो नन्द रायलाई हुर्काउन दिएपछि कृष्णसँग कंशको दुश्मनी बढेको छ । उनले आफ्नै बहिनीज्वाँइहरुलाई पनि थुनामा राखेर शासन सत्ता चलाएको छ । ऊ अत्याचारी राजाको रुपमा चिनिएको छ । उनी आफ्नो प्रशंसा र तारिफमा आफैलाई भुलाएर अरुको चलाखीलाई बुझ्न नसक्ने पात्र हो । ऊ सत्ता र शक्तिको आडमा सम्पूर्ण शासन सत्ता हातमा लिएर काम गर्ने राजा हो । संसारका सबै मूल्यवान् र राम्रा चिजहरुलाई आफ्नै बनाउन खोज्ने ऊ व्यक्तिगत पात्र हो । यस उपन्यासमा उसको भूमिका महत्वपूर्ण रहेको छ । ऊ प्रत्यक्ष रुपमा उपस्थित मञ्चीय पात्र हो, "सैनिक हो ! बन्दी बनाओ यी दुष्टलाई ।" (पृष्ठ १७५) । आफ्नै घमण्डी र स्वार्थका कारण अकालमा ऊ मर्नुपरेको छ । कंशको माध्यमबाट घमण्ड र स्वार्थले ज्यान समेत लिन सक्छ भन्ने सन्देश दिएको छ ।

### ज) बासुदेव

बासुदेव अरुले जे भन्यो त्यही मान्ने सोझा र सरल पात्र हुन् । उनी कृष्णको बुबा हुन् । देवकीसँग विवाह गरेदेखि नै उनी कंशको फन्दामा पर्न विवश पात्र हुन्छन् । पत्नी देवकीको कोखबाट जति सन्तान जन्माए पनि जन्मेकै दिन कंशले गायब गरेपछि आठौं पल्टको शिशु उनले नन्द रायलाई हुर्काउन दिएको हो । उनी आफ्नो सन्तानलाई अति नै माया गर्छन् ।

कृष्णले युद्ध जितेपछि उनी जेलबाट मुक्त भएर स्वतन्त्र भएका छन् । उनको प्रत्यक्ष सम्वाद उपन्यासमा नभएकोले उनी नेपथ्य, अनुकूल र गौण पात्र हुन् ।

### झ) देवकी

देवकीको भूमिका उपन्यासमा महत्वपूर्ण रहेको छ । उनी अन्धकारलाई हटाएर उज्यालो छाइदिने महान पुत्र कृष्णलाई जन्म दिएकी ममतामयी आमा हुन् । उनी दाजु कंशको शिकार बन्न विवश निर्दोष पात्र हुन् । तर पछि कृष्णले कंशको पञ्जाबाट उनलाई मुक्त गराएका छन् । उनी सन्तानको खुसी नै आफ्नो खुसी ठान्छिन् । "तिमी कृष्णलाई स्वीकार गर नानी । कृष्णभित्रको पीडा शान्त पारिदेऊ" (पृष्ठ २०८) भन्दै राधालाई अनुरोध गर्छिन् । उनी मञ्चीय, अनुकूल नारी पात्र हुन् ।

### ञ) चारुण र मुस्तक

चारुण र मुस्तक यस उपन्यासका गौण पात्रहरु हुन् । उनीहरु मल्लयुद्ध प्रतियोगितामा कसैले जित्न नसकेका पहलमानहरु हुन् । विगत धेरै वर्षदेखि कंशको त्यस प्रतियोगितामा विजय हुने र आफ्ना प्रतिद्वन्द्वीलाई परमधाम पठाउने बहादुरहरु हुन् । उपन्यासमा उनीहरुको भूमिका छोटो रुपमा देखिन्छ । उनीहरु मञ्चीय, पुरुष, अनुकूल र मुक्त पात्रहरु हुन् ।

### ट) पिल्लीकी सासु

पिल्लीकी सासु एकदमै इमान्दार र दयालु पात्र हो । उसको जीवन अभाव र गरिबीले बितेको छ । उसको लोग्ने र छोराको मृत्यु भईसकेको छ । सहारा भन्नु नै पिल्लीभन्दा बाहेक कोही छैन । आफू गरिब भएपनि ऊ अरुलाई सक्दो सेवा र सहयोग गर्छे । उसलाई केही जडिबुटी औषधीहरुको पनि ज्ञान छ । विशाखालाई ज्वरो आएको बेलामा उसले जडिबुटि औषधी खोजेर खान दिएकी थिई । उसको घरमा खाने अन्न छैन । जंगलमा कन्दमुल खोजेर गुजरा चलाउँछे । ऊ आफ्नो पति र छोरालाई बाँचुञ्जेल मात्र हैन मरिसके पछि पनि उत्तिकै माया गर्छे । "छोराको, पतिको चिहान यहीं छ । ती चिहानलाई यसै छाडेर, माया मारेर म कसरी जानु ?" (पृष्ठ २४६) । ऊ स्थीर प्रवृत्तिकी पात्र हो । लिङ्गका आधारमा ऊ नारी, मञ्चीय, अनुकूल र गौण पात्र हो ।

### ठ) कुन्ती

कुन्ती यस उपन्यासमा गौण पात्रका रुपमा देखिए पनि उनको भूमिका महत्वपूर्ण रहेको छ । उनी बासुदेवकी बहिनी, कृष्णकी फुपू, सुर्यनारायणसँग गरेको प्रेमको उपलब्धि छोरो कर्णकी आमा पनि हुन् ॥ तर सूर्यको मृत्यु भइसकेकोले उनको विवाह सूर्यसँग हुन सकेन् । पछि

पिताले उनको विवाह हस्तिनापुरका राजा पाण्डुसँग गरिदिए । पाण्डुबाट सन्तान जन्माउन नसकेपछि उनले धर्मराज, इन्द्र र वायुबाट वीर्यदान लिएर तीन वटा पुत्रहरु जन्माएकी हुन् । कुन्ती विदुरका दरबारमा बसेकी छन् । दरबारको अवस्था दयनीय रहेकोले अर्जुनले जितेर ल्याएको द्रौपदीलाई "तिमीहरु पाँचै जनाले द्रौपदीलाई पत्नी स्वीकार" (पृष्ठ ३०५) भन्छिन् । इच्छा विपरित एउटै नारीलाई पाँचवटा पति भिडाइदिने उनी प्रतिकूल पात्र हुन् ।

### ड) द्रौपदी

द्रौपदी यस उपन्यासकी विवश नारी पात्र हो । जसले आफ्नो इच्छा विपरित पनि पाँच वटा पतिको पत्नी स्वीकार गरेर बस्नु परेको छ । पाँचवटा पतिले उनलाई भोग गरेर मात्र उसको कर्तव्य पूरा भएन । युधिष्ठिरले दरबारको जुवामा द्रौपदीलाई समेत दाउमा हारेर बाह्र वर्षसम्म बनबास र एकवर्ष गुप्तवास बस्नुपर्द द्रौपदीसमेत वनवासी भएर बसेकी छन् । एकप्रकारले उनी सामुहिक बलत्कारको सिकार भइन् । उनले बनवास र गुप्तबासमा बस्दा थुप्रै कठिनाइहरु भोगेकी छन् । उनी बाध्यताले बाँधिएकी निर्दोष नारी पात्र हुन् । उनी कुनैपनि कुराको प्रतिरोध गर्न सक्दिनन् । उनी अनुकूल, मञ्चीय र गौण पात्र हुन् ।

### ढ) शेर्पा केटा

शेर्पा केटा यस उपन्यासकी गौण पुरुष पात्र हो । ऊ हेर्दा बलियो, राम्रो र दह्रो युवक हो । उसले राधा र पिल्लीको यात्रामा साथ दिएको छ । यात्रामा ऊ पिल्लीसँग एकदमै नजिक भएको छ । छुट्ने बेलामा पिल्ली र उसले चिनो पनि साटेका छन् । उसको भूमिका छोटो छ । ऊ अनुकूल, ग्रामिण परिवेशको मुक्त पात्र हो । उसलाई यस उपन्यासबाट हटाउँदा पनि केही असर पर्दैन ।

### ण) कोचवंशी राजा वीरसिंह

वीरसिंह कोचवंशी राजा हुन् । उपन्यासमा उनको भूमिका महत्वपूर्ण रहेको छ । उनकी तीन वटा रानीहरु छन् । उनी कृष्णकै आग्रहमा युद्ध मैदानमा प्रवेश गरेका छन् । उनी अनुकूल र सहयोगी पात्र हुन्  । उनी मञ्चीय, गतिशील र मुक्त पात्र हुन् ।

### त) एउटा सिपाही

ऊ युद्धबाट भागेको सिपाही हो । उसको शरीरभरी घाउचोट लागेको, कपडाहरु च्यातिएका र खुट्टा सुन्निएका छन् । उसको शरीर भोको र थकित छ । उसले कुरुक्षेत्रमा चलिरहेको भयानक र विध्वंशकारी युद्धको बारेमा जानकारी दिएको छ ।

### थ) एउटा पागल जस्ती आइमाई

उनी युद्धबाट त्रसित आइमाई हुन् । उनका चार भाइ छोरा सहित पति पनि युद्धमा मारिएका छन् । अरुलाई पनि युद्धमा नजान अनुरोध गरेकी छन् । उनी स्त्री, गौण र मुक्त पात्र हुन् ।

## ४.५ पात्र विश्लेषणको निष्कर्ष

'राधा' (२०७०) उपन्यास नारी चरित्रप्रधान उपन्यास हो । यस उपन्यासमा प्रमुख पात्र राधाका माध्यमबाट समाजमा नारीहरुले भोग्नुपरेको विवश जीवनको चित्रण गरिएको छ । साथै त्यस्ता जन्जालबाट उम्कनको लागि नारीहरुले जुनसुकै बन्धनहरु तोड्नका लागि तत्पर हुनुपर्ने आशय पनि व्यक्त गरिएको छ । यो उपन्यासले पुरुषप्रधान समाजमा पुरातनवादी सोचद्वारा ग्रसित पुरुषहरुको चरित्रलाई व्यङ्ग्य गरेको छ ।

'राधा' (२०७०) उपन्यासमा समाजमा नारीको स्थान बारे प्रष्ट पारिएको छ । वृत्ताकारीय कथानक ढाँचामा संरचित यो उपन्यासको भाषा सरल रुपमा बुझ्न सकिन्छ । यस उपन्यासमा प्रेम, यौन र युद्धलाई नजिकैबाट हेर्न खोजिएको छ । राधा उपन्यासकी प्रमुख पात्र राधा कृष्णको प्रेमबाट विचलित भएपछि उसले आफ्ना सम्पूर्ण इच्छा र चाहनाहरुलाई पूर्णविराम दिँदै तीर्थाटनको यात्रालाई स्वीकार्न विवश भएकी छ । कृष्णले पनि आफ्नो स्वार्थका निम्ति सोह्र हजार एक सय आठ वटा श्रीमती विवाह गरेका छन् । यसरी नारी र पुरुषवीचको विभेदलाई यस उपन्यासमा प्रष्ट पारिएको छ । राधा र कृष्ण यस उपन्यासका प्रमुख पात्रहरु हुन् भने वृषभानु, कलावती, शुशीला, विशाखा, नन्द राय, चन्द्रभानु, एकानंशा, पिल्ली, गर्ग ऋषि, अक्रूरजी र रुक्मिणी सहायक पात्रहरु हुन् । साथै गौण पात्रहरु पनि प्रयोग भएका छन् । यस उपन्यासमा प्रमुख पात्रहरुमा मनोविश्लेषणात्मक नियतिवादी, यथार्थवादी र नारीवादी विशेषताहरु पाइन्छ ।

## ४.६ राधा उपन्यासको कथानकीय परिच्छेद विभाजन र कथानक

उपन्यासको कथानक निरन्तर रुपमा अघि बढेको हुन्छ । यो अघि बढ्ने क्रम सदैव एउटा गतिमा नहुन सक्छ । यसरी कथानकको प्रवाहमा आउने परिवर्तनका अवस्थानुसार उपन्यासमा परिच्छेद विभाजन गरिएको हुन्छ । तसर्थ उपन्यासको कथानकको अध्ययन विश्लेषण गर्नु अघि सम्बन्धित उपन्यासको परिच्छेद विभाजन र त्यस परिच्छेदअनुसार प्रस्तुत गरिएको कथानक अध्ययन गर्ने कार्य महत्वपूर्ण हुन्छ ।

राधा उपन्यासको परिच्छेद वा अध्याय विभाजन र त्यस अध्यायमा प्रस्तुत भएको कथानकको अध्ययन गरिएको छ । राधा उपन्यासलाई पाँच अध्यायमा विभाजन गरिएको

छ । यो उपन्यासको मूल कथानक जम्मा २०९ पृष्ठमा फैलिएको छ । यसलाई निम्न तालिकाद्वारा प्रष्ट पार्ने काम गरिएको छ ।

**तालिका नं. दुई**

| **अध्याय** | **पृष्ठसङ्ख्यादेखि** | **सम्म** | **जम्मा** |
|---|---|---|---|
| एक | २३ | ९० | ६७ |
| दुई | ९१ | १६१ | ७० |
| तीन | १६२ | १७५ | १३ |
| चार | १७६ | २२१ | ४५ |
| पाँच | २२२ | २३६ | १४ |
| **जम्मा** | | | **२०९** |

## ४.६.१ 'राधा' उपन्यासको अध्यायगत कथानक तथ्याङ्क

**अध्याय एक**

**कथानक तथ्याङ्क**

१. कृष्णको चञ्चले बानी हुनु,

२. गोपिनीका वस्त्र लुकाउनु,

३. सबै हैरान हुनु,

४. तर उनको मुरलीको धुनले सबै मोहित हुनु,

५. राधाले कृष्णलाई आफ्नो मात्र ठान्नु,

६. कृष्णले भने आफू सबैको उत्तिकै प्रिय भएको बताउनु,

७. यसबाट राधाको मन कुढिनु,

८. वनमा कृष्णले रात्रीभोजको योजना बनाउनु,

९. गोपिनीहरुलाई मात्र निमन्त्रणा दिनु,

१०. मनमोहक स्थलको चयन गरिनु,

११.गोपिनीहरु मन्त्रमुग्ध हुनु,

१२. वनकुसुमले सम्पूर्ण वन सुगन्धमय हुनु,

१३. कृष्णको सामीप्य पाउन सबै आतुर हुनु,

१४.राधालाई इर्ष्या लाग्नु,

१५. कृष्णका रासलीला र प्रेमलीलावारे गोपिनीहरुबाट चर्चा हुनु,

१६. कृष्णको चतुऱ्याइँको चर्चा हुनु,

१७. राम्रो वस्तु सबैलाई प्रिय हुने निष्कर्ष निकाल्नु,

१८. राधाको पीडालाई कष्णको स्पर्शले सान्त्वना दिनु,,

१९. कृष्ण संसारकै मनोहारी रुप धारक भएको पुरुषमा मूल्याङ्कित हुनु,

२०. रात्रीभोजमा सबैले प्रेमको शाश्वत् सुखको अनुभूति प्राप्त गर्नु,

२१. कृष्णको बाललीलाले भ्रम र अलौकिकता दुवै प्रस्तुत गर्नु,

२२. प्रेम र जीवनको महत्ववारे चर्चा हुनु,

२३. आत्मिक प्रेमवारे चर्चा हुनु,

२४. कृष्ण र राधाबीच आत्मिक प्रेमको बीजारोपण हुनु,

२५. रात्रीभोजको प्रकरणले ब्रजवासीमा फुट हुनु,,

२६. राधा लगायत सबै गृह नजरबन्दमा पर्नु,

२७. वृषभानु र नन्दमाथि आरोप लाग्नु,

२८. यशोदाको सतीत्वमाथि प्रश्नचिन्ह लाग्नु,

२९. राधाको साहसले स्वतन्त्रताको परिवेश निर्माण हुनु,

३०. गर्ग ऋषिबाट कृष्ण जन्मको रहस्य राधालाई थाहा हुनु,

३१. राधा र कृष्णबीच पुनः भेट हुनु,

३२. जीवन कर्तव्य, प्रेम, मूल्य र त्यागआदिवारे व्यापक छलफल हुनु,

३३. राधा र कृष्णमा बौद्धिकताको परिपक्वता देखिनु,

३४. राधामा परिवर्तन देखा पर्नु,

३५. कृष्ण र बलराम मथुराको लागि प्रस्थान गर्नुपर्ने वाध्यात्मक परिस्थितिको निर्माण हुनु ।

**अध्याय दुई**

१. कृष्ण र बलराम मध्यरातमा हिंड्नु,

२. यशोदाको सतीत्वमाथि बिना अपराध प्रश्नचिन्ह उठाउनु,

३. गर्ग ऋषि र नन्दराजको एकान्त वार्ताले यशोदामा नकारात्मक प्रभाव पर्नु,

४. कृष्ण र बलरामको ब्रज बहिर्गमनले यशोदामा चिन्ताको पहाड थपिनु,

५. ब्रजबासीमा अपराधबोध हुनु,

६. ब्रजबासीद्वारा पश्चातापको बोझ बिसाउनु,

७. नारी मनमा अदृश्य चाहनाहरुप्रति शङ्का उब्जनु,

८. गोकुलमा खुशी हराउनु,

९. कलावतीद्वारा वृषभानुलाई कृष्ण जन्मको वास्तविकता सुनाइनु,

१०. वृषभानु पक्षाघातले थलिनु,

११. वृष्णभानुलाई हेर्न जाँदा यशोदाले पनि कृष्ण जन्मको वास्तविकता थाहा पाउनु,

१२. नन्द र यशोदाबिच दुरी बढ्दै जानु,

१३. दुवैको दुरी पछि दुवैले एक अर्कालाई अध्ययन गर्नु र छलफल पछिको समझदारीबाट समस्या सुल्झिनु,

१४. चन्द्रभानु आत्मग्लानीले ग्रसित हुनु,

१५. नन्दका अधि माफी माग्नु,

१६. कंश बधका लागि कृष्ण र बलराम बाहिर जानु,

१७. कंशविरुद्ध जनसेना निर्माण र प्रशिक्षणको व्यवस्था मिल्दै जानु,

१८. मथुरामा मन्त्री अक्रुरजी र गर्ग ऋषिको योजनानुसार कंशविरुद्ध युद्ध गर्ने वातावरण घनिभूत हुनु,

१९. गोकुलका युवा युवतीहरु धमाधम सेनामा प्रवेश भई प्रशिक्षण लिइरहनु,

२०. गर्ग ऋषि सक्रियपूर्वक लाग्नु,

२१. गर्ग ऋषिबाट कंशलाई मानसिक रुप्मा कमजोर पार्ने प्रयत्नहरु भइरहनु,

२२. राधाले सम्पूर्ण घटना थाहा पाउनु,

२३. गर्ग ऋषिको सल्लाहअनुसार राधा सैनिक प्रशिक्षणका लागि आर्थिक रुपले सहयोग गर्न तयार रहनु,

२४. राधाले प्रेमलाई मुक्ति संघर्षको शक्तिका रुपमा परिवर्तन गर्न आफूलाई तयार गर्नु,

२५. राधा चिन्ति र उत्साही दुवै भइरहनु,

२६. शुशीलासहित धेरै युवतीहरु पनि प्रशिक्षणमा भाग लिनु,

२७. राधाले पिताको पद सम्भाल्न सफल भई राजकोषबाट युद्धका लागि सहयोग गरिरहनु,

२८. राधा र कृष्णबीच पत्राचार भइरहनु,

२९. सबैतिर कंशको निरङ्कुशताको भय मडारिनु,

३०. अर्कोतिर भित्रभित्रै कंश वधका लागि जनमत तयार हुँदै जानु,

३१. उत्खननबाट व्यासजीले अधुरो कथा लेखेको प्रसङ्ग राधाको कथाबाट थाहा पाइनु,

३३. डेरिडाको विनिर्माणवादी प्रभाव पूर्वीय अध्यात्मवादमा सतीदेवी र शिवजीको कथा प्रसङ्गले प्रारम्भ गरेको चर्चा उपन्यासकारबाट गरिनु,

३४. कथा पुनः प्रारम्भ हुनु,

३५. वृषभानुको मृत्युले राधामा कार्य बोझ थपिनु,

३६. राधाबाट पनि तालिम केन्द्रको अवलोकन हुनु,

३७. साथीहरुबिच पुनः भेट हुनु

३८. कंशबधबाट मुक्ति अवश्य हुने विश्वास अभिव्यक्त हुनु,

३९. मथुरामा युद्ध गर्ने दिन नजिकिँदै जानु,

४० शुशीलाको शहादत प्राप्तिले युद्धको रणनीति फेरिनु,

४१. चन्द्रभानु पनि मथुरा प्रस्थान गर्नु,

## अध्याय तीन

१. राधा, विशाखा र यशोदाबीच पटक पटक गफगाफ चलिरहनु,

२. उनीहरुको गफबाट महिला अस्तित्ववारे चर्चा हुनु,

३. यशोदाले गम्भीर कुराहरु गर्नु,

४. कृष्ण र बलरामले युद्ध जितेको खबर गोकुलमा फैलिनु,

५. राधामा नयाँ शक्तिको स्फुरण हुनु,

६. कृष्ण नआएकाले राधा दुःखी हुनु,

७. नन्द, यशोदा र कलावती मात्र मथुरा जानु,

८. रोहितबाट युद्धको वर्णन सुनाइनु,

९. कृष्णले कसरी कंश बध गरे भन्ने घटना सुनाउनु,

१०. शुशीलाहरुले कसरी शहादत प्राप्त गर्न पुगे भन्नेवारे थाहा पाउनु,

११. राधा खुशीले हर्षविभोर हुनु ।

**अध्याय चार**

१. कृष्ण र बलरामको उपनयन हुनु,

२. राष्ट्रिय उत्सव मनाइनु,

३. वन्दीहरु मुक्त गरिनु,

४. गोकुलमा कृष्ण नआई उद्धव पठाइनु,

५. राधा पुनः निराश हुनु,

६. राधाले उद्धवलाई गोकुलका रमणीय स्थान डुलाई विगतका एक-एक कुरा बताउनु,

७. उद्धवजी मथुरा फर्केर जानु,

८. कृष्णलाई जसरी पनि एकपल्ट ब्रज पठाउने वाचा गरी जानु,

.९. कृष्ण कंशवधप्रति हुने विदेशी हमला विरुद्ध सैन्य व्यवस्थापनमा लागेकाले व्यस्त भएको कुरा चल्नु,

१०. राधाले कृष्णको पत्र पाउनु,

११. राधाका मनमा विभिन्न विचारहरु आउने जाने गरिरहनु,

१२. आत्मिक प्रेमले त्याग र बलिदानको भावलाई बलियो बनाउँदै लैजानु,

१३. नारी शोषण र पुरुष स्वतन्त्रताका वारे यशोदा र राधाबीच गम्भीर कुराहरु हुनु,

१४. कृष्ण र बलराम विद्या अध्ययनका लागि बाहिर जाने कुरा उठ्नु

१५. कृष्ण र राधाबीचको भेट असम्भव देखिनु,

१६. जरासन्धले सत्रपटकसम्म युद्ध गरे पनि पराजित हुनु,

१७. द्वारिका नगरीको सुन्दरताको बयान हुनु,

१८. यसपल्ट पनि कृष्णले आफूलाई सम्झेको तर नआएकोमा राधा दुःखी हुनु,

१९. कृष्णले राधालाई द्वारिका आउन अनुरोध पठाउनु,

२०. राधाका लागि राधा भवन समेत बनाएको राधाले सुन्नु,

२१. यसले राधामा खास्सै प्रभाव नपर्नु,

२२. पुरुष जातिमा रहेको निष्ठुरताको प्रष्ट स्मरण गर्नु,

२३. कतिपटक मन त्रसित भई दुःखी हुनु,

२ँ४.प्रेमको त्यागमय भावनाको स्मरण गर्नु,

२५. प्राकृतिक प्रेमको यात्रातर्फ राधाको मन जानु,

२६. शशीकलाद्वारा राधालाई आफ्नो घमण्ड त्याग्न अनुरोध गर्नु,

२७. राधाको विवाहको गम्भीर चर्चा हुनु,

२८. राधा द्वारिका जाने कि नजाने मानसिक द्वन्द्वमा पर्नु,

२९. राधाको विवाहको गम्भीर चर्चा हुनु,

३०. राधाले आफूलाई एक प्रकारले नारी अस्तित्वका लागि संघर्ष गरेको सम्भन्नु,

३१. राधामा आफ्नै विचार सुदृढ हुँदै जानु,

३२. द्वारिका गई कृष्णलाई भेट्ने कार्यक्रम गरे पनि यात्रा गर्नु अघि नै कृष्णको रुक्मिणीसँग विवाह भएको थाहा पाउनु,

३३. बाह्य रुपमा प्रभाव परेको नदेखिए पनि भित्री रुपमा भने असर पर्नु,

३४. कृष्ण र रुक्मिणीको विवाह अघिको प्रेम र विवाह पछिको प्रसङ्ग विशाखाबाट सुने पनि राधामा खास्सै बाह्य प्रभाव नदेखिनु,

३५. राधा अस्वस्थ हुनु,

३६. राधाको त्यागको र नारीले वाध्यतावश गर्नुपर्ने सम्भौताको यथार्थ यशोदा माताहरुबाट चर्चा गरिनु,

३७. कृष्णको सांसारिक कर्तव्यबाट विमुख हुन पुगेकी राधामा गम्भीर आघात पुगे पछि शारीरिक रुपले कमजोर हुँदै जानु,

३८. दई महिनापछि पुनः स्वस्थ हुनु,

३९. कमसल वस्तुलाई बढी महत्व दिँदा पछि दुःख पाइने निष्कर्ष निकाल्नु,

४०. राधा र आमाबीच विवाहको कुरा चल्नु,

४१. राधाले विवाह नगर्ने निर्णय सुनाउनु,

४२. आमाले सम्भाउनु,

४३. राधाबाट आफ्ना निर्भिक र स्वतन्त्र विचारहरु प्रस्तुत गर्नु,

४४. आमा नबोल्नु

४५. यसबीच कृष्णको हजारौँ नारीहरुसँगको विवाह प्रसङ्गले राधामा कृष्णप्रति एक प्रकारले घृणा जागेर आउनु,

४६. यसलाई पुरुषको स्वेच्छाचारी यौन अत्याचारको संज्ञा दिनु,

४७. कृष्णसँगको मोह भङ्ग हुनु,

४८. द्वारिकाको व्यवस्थित राज्यप्रणालीले ब्रजलाई शून्य बनाउँदै लगे पछि राधालाई पनि ब्रज छोडेर जाने विचार आउनु,

४९. आमासँग राधाले आफू तीर्थाटनका लागि बाहिर जाने प्रस्ताव राख्नु,

५०. आमाले स्वीकृति दिनु,

५१. राधाबाट ब्रज त्याग गर्नु,

५२. राधाको त्याग र बलिदानकै कारण कृष्ण कृष्ण बन्न सकेका तर 'राधा' पात्रलाई पुरुषप्रधान समाजले पुराणमा महत्व नदिएको प्रसङ्ग चल्नु,

५३. व्यासले लेखेको कथा र राधाको वास्तविक कथा फरक रहेको देखिनु ।

## अध्याय पाँच

१. राधाले वैष्णवी जीवन बिताउने निर्णय लिनु,

२. नन्दले सम्झाउनु तर राघाले नन्दलाई उल्टै सम्झाउनु,

३. राधासँग विशाखा पनि जान तयार हुनु,

४. विशाखाको अनमेल विवाह हुन लागेको देखी विशाखाले विरोध गरे पनि केही नलागे पछि राधासँग जाने निर्णय लिनु

५. अनमेल विवाहको विरोध हुनु,

६. राधाले विशाखाको आमाबुबालाई सम्झाउनु,

७. विशाखाले राधासँग जाने अनुमति पाउनु,

८. राधा र विशाखाले पीताम्बर वस्त्र धारण गरी ब्रज छोड्नु,

९. जीवनका तीतामीठा अनुभवहरु संगाल्दै पहिलो महिनाका केही समय मथुरामा विताउनु,

१०. शुशीला मारिएको घरलाई नारी मुक्ति केन्द्र बनाउनु,

११. नारी चेतनाका जागरणका स्वरहरु फैलाउनु,

१२. मथुरा पुगी कृष्ण जन्मस्थल, कैद आदि ठाउँको अवलोकन गर्नु, मथुरामा सम्मान पाउनु,

१३. केही दिन मथुरामा बिताउनु,

१४. मथुराबाट चाँडै अनिश्चित यात्रामा लाग्नु,

१५. केही समयपछि आफूलाई विगतका सबै परिचयबाट मुक्त भएको महसुस गर्नु,

१६. सबैले स्वतन्त्रतापूर्वक जीवन जिउन बुझ्न पाउनुपर्छ भन्ने स्पष्ट विचार यात्राबाट प्रतिपादित हुनु,

१७. अपरिचित ठाउँ, भाषा, संस्कृतिसँग साक्षात्कार गर्दै यात्रा अगाडि बढाउँदै लानु,

१८. जीवनलाई जसरी डोऱ्याउन चाह्यो त्यसरी नै डोऱ्याउन सकिन्छ भन्ने बोध गर्नु,

१९. जीवनलाई सार्थकता दिन सक्नुपर्छ भन्ने भाव जाग्नु,

२०. अनिश्चित यात्रा स्थगन गर्ने सोच राख्नु,

२१. पुनः पुरानै जीवनतिर फर्किने चाहना बढ्नु

२२. एक्लो नारी जीवन कष्टकर हुने यथार्थ बोध हुनु,

२३. नवपालुवालाई, जीवन जिउन बाँकी रहेकालाई आफूखुशी जीवन जिउन दिनुपर्छ भन्ने अग्रजहरुको सोच पहिले पनि थियो भन्ने कुराले सबैलाई सचेत गराउनु,

२४. मानिसमा इमान्दारिता र शिष्टता छ भने गरिबीमा पनि सम्मान दिन मानिस पछि सर्दैनन् भन्ने यथार्थ बोध यात्राबाट प्राप्त हुनु,

२५. नारी र पुरुषबीचको विभेदप्रतिको दृष्टिकोण फरक-फरक रहेको पाउनु,

२६. अन्ततः नारी पुरुषबाट अझै पनि असुरक्षित रहिरहनु,

२७. मनको शुद्धताले सिद्धाश्रममा कृष्णसँग राधाको भेट हुनु,

२८. आत्मिक प्रेममा दुवै हराउनु,

२९ कृष्णले आफ्नी सबै पत्नीसँग परिचय गराउनु,

३०. सबैले आत्मीयता दर्शाउनु, त्यसमा कुनै वैरभाव नदेखिनु,

३१. कृष्णसँग द्वारिका फर्किनु,

३२. द्वारिका पुगेर राधाभवन पुग्नु,

३३. भोलिपल्ट कृष्णले राधालाई राधाभवन डुलाउनु,

३४.केही क्षण हराउनु,

३५. पछि राधाले कृष्णसँगका असन्तुष्टिहरु पोख्नु,

३६. कृष्णले चुपचाप सुन्नु र पछि आफ्नो विवशता प्रकट गर्नु,

३७. वियोग र विछोडले नै रुक्मिणीसँग प्रेम हुन पुगेको बताउनु,

३८. रुक्मिणीमा राधाको प्रेम र छवि पाएको बताउनु,

३९. राधाले भने कृष्णलाई एक पत्नीव्रता हुन नसकेको, कुटिल र धोखेबाज बताउनु,

४०. कृष्ण गम्भीर बन्नु,

४१. बहुविवाह गरेर ती सबैमा वा टुक्रा-टुक्रा रुपमा राधाकाको सग्लो रुप प्राप्त गर्ने प्रयाास गर्नु,

४२. भोजन पछि रुक्मिणीसँग विगतका कृष्णसँगका सम्पूर्ण कुराहरु बताउनु,

४३.. कृष्णका चारित्रिक कमजोरीलाई सुधार्न नसकेको दोष रुक्मिणीमा पाउनु,

४४. रुक्मिणीले कृष्ण राधाकै  हुनु,, ब्रजमा पुगेको तर त्यहाँ राधालाई नपाउँदा पहेँलिदै गएको, सामान्य हुन धेरै समय लागेको बताउनु,

४५. अब ब्रजमा कोही नभएको, सबै द्वारिकामा आएको बताउनुले राधा र विशाखामा खुशी छाउनु,

४६. सबैसँग सबैको भेट हुनु,

४७. कृष्णले ऋण तिरेको सम्झनु

४८. माता यशोदासँग वार्ता हुनु अघि द्वारिकादेखि मोहित राधा पछि यथार्थमा फर्किनु,

४९. समाजको स्वाभाविक प्रतिक्रियाको अनुमान गर्नु,

५०. एकंविशासँगको वार्ताले पनि कृष्णरुपी पुरुषहरुले नारीलाई खेलौना बनाएको निष्कर्ष निक्लनु,

५१. दुर्वासा, नन्द, कंश, कृष्ण जस्ता महान पात्रहरुले पनि नारीलाई शोषण गरेको कुरा एकविंशाबाट अभिव्यक्त हुनु

५२. एकनंशाले राधाको चेतना उघार्नु,

५३. राधा ब्रज छाडेर पुनः तीर्थाटनमा निस्कने निर्णयमा पुग्नु,

५४. यो खबरले सबैभन्दा बढी कृष्णलाई अचम्भित बनाउनु,

५५. राधा र कृष्णबीच कुरा हुनु,

५६. कृष्णले चिन्ता लिनु तर राधा नअडिने पक्षमा रहनु,

५७. हस्तिनापुर जाने क्रममा राधा पनि बाटो काट्ने हेतु कृष्णसँग रथमा सँगै जानु,

५८. द्रौपदीका पाँच पति र कृष्णका सोऱ्ह हजार छ सय आठ पत्नी प्रसङ्गले राधालाई अझ पिरोल्नु,

५८. कृष्णले द्रौपदी विवाहको चर्चा गर्नु, चर्चामा द्रौपदीको चिन्ता पनि स्मरण गरिनु,

५९. कृष्ण नबुझिने पात्र देखिनु,

६०. संसारमा छोरी बुहारीकै कारण युद्ध हुने गरेको कुराकानी हुनु,

६१. कुन्तीसँग भेट हुनु,

६२. पाण्डवहरुको वनवासी जीवन शुरु हुनु,

६३. कुन्ती र राधाबीच आमाछोरीको नाता गाँसिनु,

६४. कुन्तीले आफ्ना विगतका सारा रहस्य बताउनु,

६५. गान्धारी र कुन्तीबीच पुरुष चयनका बारेमा वार्ता हुनु,

६६. यसले नारी असन्तोष र शोषणको चर्को रुप दर्शिनु,

६७. लोग्नेले आदेश दिए परपुरुषगमन पनि मान्य हुने तर पत्नीले परपुरुषगमन गरे कलङ्क बोक्नुपर्ने परम्पराबाट कुन्ती पनि असन्तुष्ट रहेको बोध हुनु,

६८. द्रौपदीबाट पनि नारीमाथि पुरुषले गर्दै आएका पशुवत् व्यवहारको असन्तुष्टि जाहेर हुनु,

६९. नारीको दुश्मन नारी नै र त्यसमा पनि उसको रुप रहेको चर्चा हुनु,

७०. राधाका लागि सबै यथार्थ भावी यात्राका लागि सहायक बन्न पुग्नु,

७१. विदुरबाट जीवनलाई हेर्ने नयाँ दृष्टिकोण प्राप्त हुनु,

७२. हस्तिनापुरको यात्रापछि राधामा धेरै परिवर्तन आउनु,

७३. उत्तरतर्फको यात्राले अलग जात जातिको संस्कृतिसँग परिचित भए पनि जहाँसुकै नारी शोषण उही रहेको देखिनु,

७४. मुक्तिनाथको यात्रामा राधा लाग्नु,

७५. कष्टका साथ मुक्तिनाथ पुग्नु,

७६. हेर्दा साधारण तर महिमा अपार रहेको मुक्तिनाथको किम्बदन्तीले राधामा प्रभाव पर्नु,

७७. उमेर, रुचि र रहरले जातिगत विभेद र भाषिकागत जटिलता भुल्दै आत्मिक प्रेमको भाव गहन बनाउने पिल्ली र शेर्पाबीचको आकर्षणले दर्शाउनु,

७८. मुक्तिनाथ, कालीगण्डकी र शालिग्रामको महत्व र महिमा सुनी राधा प्रसन्न हुनु,

७९. जीवन यात्रामा एउटै कुरा कहिले सत्य र कहिले झुटो हुने र मानिसका मन र जीवनमा त्यसले ठूलै हलचल ल्याइदिने अनुभव कृष्णका लीलाले राधालाई पर्नु,

८०. कृष्णले जहिल्यै पनि आफ्नो खबर लिइरहेको देख्दा राधामा कृष्णप्रति पुनः प्रेम जागेर आउनु,

८१. राधाहरु नेपालको कोशी क्षेत्रको विष्णुपादुका पुग्नु,

८२. पवित्र स्थल, पितृ मोक्षस्थल र विष्णुपादुकाको दर्शन गरी आफूलाई कृतार्थ सम्झिनु,

८३. विष्णुपादुकामा कोचका राजा वीरसिंहसँग भेट हुनु,

८४. वीरसिंहले स्वागत गर्नु,

८५. विराटनगर पुग्नु, किचक बधले त्रसित हुनु, पुनः कोच राज्य फर्केर केही दिन बस्नु,

८६. द्वारिकापुरी जानु अघि आफ्नो जीवन र यात्रानुभवलाई लिपिवद्ध गर्ने सोच बनाउनु,

८७. सात महिना लगाएर लेखन कार्य पूर्ण गर्नु,

८८. त्यो लेखोट राजा वीरसिंहकी जेठी पत्नीलाई पछि द्वारिकापुरीमा लिने गरी सुरक्षाका लागि सुम्पनु,

८९. पाण्डव र कौरवबीच युद्धको घोषणा हुनु,

९०. कृष्णको आव्हानमा वीरसिंह कुरुक्षेत्रका लागि प्रस्थान गर्नु,

९१. राधा पनि साथ जानु,

९२. तर कुरुक्षेत्र पुग्दा युद्ध समाप्त भइसक्नु,

९३. युद्धमा नियमको अवज्ञा भएको, अश्वत्थामाले कृष्णबाट दण्ड पाएको, मणिबिना बाँच्न विवश भएको र अहिलेसम्म बाँचिरहेको प्रमाण उत्खननबाट प्राप्त अभिलेख अश्वत्थामाले नै पढ्न सकेकाले मिलेको र यस उत्खननले राधाको वास्तविक कथा देखाएको रहस्य खोलिनु र उपन्यासको कथानकको अन्त्य हुनु ।

## फ्रेटागको ढाँचामा कथानकको स्वरूप

| कथानकको आङ्गिक विकास | फ्रेटागका अनुसार कथानकको विकासक्रम | राधा उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क |
|---|---|---|
| १.आदि भाग<br>पहिलो अध्याय | क) चिनारी | क) कृष्णको वाललीला र चञ्चले बानीले सबैले दुःख पाउनु |
| | ख) सङ्घर्षविकास<br>पहिलो सङ्कटावस्था | क) गोपिनीहरुको वस्त्र लुकाउनु,,<br>ख) रासलीलाले गोपिनी, कृष्ण, यशोदा सबैलाई सङ्कटमा पार्नु,<br>ग) कृष्ण र बलराम मथुरा जाने वाध्यात्मकवातावरण बन्नु । |
| मध्यभाग<br>२-३ अध्याय | ग) चरम<br>(दोस्रो सङ्कटावस्थादेखि अन्तिम सङ्कटावस्थासम्म) | क) कृष्ण र बलराम मथुरा जानु,<br>ख) रात्री भोजका कारणले ब्रजमा आपसी द्वन्द्व चल्नु, |

| | | |
|---|---|---|
| | | ग) द्वन्द्वले नन्द, वृषभानु, चन्द्रभान, राधा, यशोदा, कृष्ण, शुशीला सम्पूर्णलाई विवादमा पार्नु,<br>घ) कंशवधका लागि युद्धको तयारी गर्नु,<br>ङ) गर्ग ऋषि, अक्रुर, राधाआदिबाट सेनाको तयारी<br>च) कंश वधको वर्णन हुनु, |
| अन्त्यभाग (४-५) | सङ्घर्षह्रास | क) कृष्ण र बलरामको अध्ययन आरम्भ हुनु,<br>ख) कृष्ण र राधाबीच दूरी बढ्नु,<br>ग) राधामा कृष्णलाई लिएर मानसिक आन्तरिक द्वन्द्व चल्नु,<br>घ) कृष्ण ब्रज नआउनु एकातिर भने अर्कातिर राधा कृष्णलाई व्रजमै बसेर कुर्नु,<br>ङ) राधाले आत्मिक प्रेमको भावना बलियो बनाउनु,<br>च) कृष्णले रुक्मिणीसँग विवाह गरेपनि र त्यसपछि पनि अन्य नारीसँग विवाह गरेपछि राधामा वैराग्य जीवन बिताउने भावना जागी तीर्थाटनका लागि हिंड्नु,<br>छ) कृष्णसँग भेट हुनु,<br>ज) द्वारिका फर्किनु, |

| | | |
|---|---|---|
| | | झ) कृष्ण र राधाको कथामा फरक पाइनु । |
| | उपसंहार | क) राधाले वैष्णवी जीवन बिताउन यात्रा गर्नु,<br>ख) पाण्डव र कौरवबीच युद्ध हुनु,<br>ग) राधाले मुक्तिनाथ,<br>घ) विष्णुपादुका आदिको भ्रमण गर्नु,<br>ङ) आफ्नो कथा लेख्नु,<br>च) कुरुक्षेत्रको युद्धमा नरसंहार हुनु र कोही नबच्नु,<br>छ) राधा कुरुक्षेत्रको दृश्य देखेर विक्षिप्त हुनु,<br>ज) अश्वत्थामाले आफ्नो अपराध र कुरुक्षेत्रको यथार्थ वर्णन गर्नु,<br>झ) वास्तविकता अर्कै रहेको बताउनु,<br>ञ) लेखकबाट इमान्दारिता<br>दर्साउनुपर्ने अनुरोध गर्नु । |

## निष्कर्ष

उपन्यासमा कथानकको पनि महत्वपूर्ण भूमिका रहन्छ । कथानकका पाँच  अवस्था रहेका हुन्छन् । चिनारी, संघर्षविकास, चरम, संघर्षह्रास र उपसंहार कथानक विकासका पाँच अवस्थाहरु हुन् ।

राधा उपन्यास नायिका प्रधान उपन्यास हो । यसमा राधाको त्याग र बलिदानलाई प्रथमिकता दिइएको छ । कृष्णको बाललीलाको प्रसङ्गबाट उपन्यासको चिनारी भाग प्रारम्भ भएको छ ।  यसैगरी रासलीलाबाट संघर्षविकास, कृष्णको मथुरा भ्रमण, युद्धको तयारी, कंश

वध, राधा र कृष्णबीचको दूरी, राधाको वैराग्य जीवन यात्रा, तीर्थाटन उपन्यासको चरम रुप र कुरुक्षेत्रको युद्धको वर्णन संघर्षह्रास र कुरुक्षेत्रको नरसंहारबाट विक्षिप्त राधाको अभिव्यक्ति एवम् राधाको त्याग र बलिदानलाई लुकाइएको प्रसङ्ग र अश्वत्थामाको चित्रण उपन्यासको उपसंहार रहेको छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१. सारांश

राधा (२०७०) उपन्यासमा प्रयुक्त पात्रहरुको शैलीवैज्ञानीक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच अध्यायमा संगठित गरिएको छ ।

अध्याय एकमा शोधपत्रको परिचय दिइएको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्या, शोधको महत्व र औचित्य, उद्देश्य, सीमाङ्कन र शोधको रुपरेखा आदि विषयवस्तुहरु प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा दिइएको छ । जसमा पूर्वकार्यको समिक्षा, पूर्वअध्ययनको उपादेयता र औपन्यासिक पात्रविधानको सैदान्तिक धारणा जस्ता विषयवस्तुमा आधारित भएर संक्षिप्त चर्चा गरिएको छ । धारावासीको राधा (२०७०) उपन्यासप्रति विभिन्न विद्वानहरुले गरेका टिप्पणीहरुलाई प्रस्तुत गरिएका छन् । उपन्यासमा मानव जीवनजगतको प्रस्तुति हुन्छ । घटना, परिवेश, कथानक, उद्देश्य र भाषाशैलीआदि तत्वहरुको मेलबाट उपन्यासको स्वरुप निर्माण हुन्छ । सामाजिक जीवनमा आइपरेका परम्परा, सांस्कृतिक पक्षहरु, चिन्तन र मान्यताका मापदण्डका साथै भौगोलिक अवस्थाको समिश्रण उपन्यासमा गरिएको हुन्छ । उपन्यासका विभिन्न तत्वहरुमध्ये कथानक र पात्रलाई महत्वपूर्ण तत्व मानिन्छ । निष्कर्षलाई स्वीकार्दै यस अध्ययनमा औपन्यासिक चरित्र र कथानकसम्बन्धी विद्वानहरुका भनाइका साथै मान्यतालाई अनुसरण गरिएको छ । उपन्यासको संरचनामा आएर कथानकलाई गति दिँदै सक्रिय र स्वतन्त्र किसिमले उपन्यासमा गहन भूमिका निर्वाह गर्ने पात्रहरु नै चरित्र हुन् भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ । पात्रहरुले नै विभिन्न जाति, धर्म, संस्कृति र परम्परालाई अभिव्यक्त गर्ने हुनाले उपन्यासमा चरित्रको महत्वपूर्ण भूमिका रहन्छ । पात्रहरु जति सजिव, स्वभाविक र जीवन्त हुन्छन् , त्यति नै उपन्यास उत्कृष्ट हुने निष्कर्ष अध्ययनबाट स्पष्ट भएको छ ।

उपन्यासमा प्रयोग भएका पात्रहरु कथानकअनुसार विभिन्न प्रवृत्ति र स्वभावका हुन्छन् । सोही अनुरुप शैलीवैज्ञानीक आधारमा पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना, स्वभाव, गतिशीलता, आसन्नता, आबद्यता, परिवेश र चारित्रिक आयामका आधारमा गर्न सकिने निष्कर्ष निकालिएको छ । साथै सैद्धान्तिक आधारमा कथानकको तथ्याङ्कीय प्रस्तुतिसँगै

पात्रलाई मनोविश्लेषणात्मक, नियतीवादी, नारीवादी, यथार्थवादी जस्ता सिद्धान्तमा पनि वर्गीकरण गर्न सकिने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ ।

प्रस्तुत शोधको अध्याय तीनमा अध्ययन विधि र प्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

अध्याय चारमा कृष्ण धारावासीको राधा (२०७०) उपन्यासमा प्रयुक्त कथानक र पात्रहरुको शैलीवैज्ञीनक अध्ययन तथा विश्लेषण पूर्ववर्ती अध्याय दुईमा स्थापित विधि वा पद्धतिका आधारमा गरिएको छ ।

'राधा' (२०७०) कृष्ण धारावासीको दोस्रो संस्करण हो । नारी चरित्र प्रधान उनको यो उपन्यास पौराणिक विषयवस्तुमा आधारित सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा प्रमुख पात्र राधाका माध्यमबाट नारीले सामाजिक बन्धनहरुलाई सम्झौता गर्दै अगाडि बढ्नुपर्ने बाध्यात्मक परिस्थितिलाई कथानकका रुपमा प्रस्तुत गरिएको छ । चरित्र चित्रणको परिचय अन्तर्गत शैलीवैज्ञानिक वर्गीकरणलाई आधार बनाइएको छ ।

प्रस्तुत 'राधा' (२०७०) उपन्यासमा राधा र कृष्ण प्रमुख पात्रको रुपमा रहेका छन् भने वृषभानु, कलावती, शुशीला, विशाखा, नन्द राय, गर्गऋषि, चन्द्रभानु, अक्रूरजी, एकानंशा, पिल्ली, रुक्मिणी आदि पात्रहरु सहायक पात्रको रुपमा रहेका छन् । उनीहरुले प्रमुख पात्रको सहयोगी भएर उपन्यासलाई गतिशील तुल्याउँदै उद्‌देश्यन्मुख बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । यी बाहैक शशीकला, उद्धव, रोहित, यशोदा, बलराम, बासुदेव, देवकी, कंश, विशाखाकी आमाबुबा, चारुण र मुस्तक, पिल्लीकी सासु, कुन्ती, द्रौपदी, शेर्पा केटा, वीरसिंह, एउटा सिपाही, एउटा पागलजस्ती आइमाई आदि गौण पात्रहरु रहेका छन् । यी पात्रहरुको कार्यव्यापार उपन्यासमा न्यून रहेपनि प्रमुख तथा सहायक पात्रहरुको कार्य र भूमिकालाई सहयोग गर्ने काम गरेका छन् । यस अध्यायमा गौण पात्रहरुको पनि सामान्य चर्चा गरिएको छ । यसैगरी कथानकले राधामार्फत् प्रारम्भदेखिनै नारीमाथि पुरुषप्रधान समाजले शोषण गर्दै आएको कटु यथार्थलाई पुष्टि गर्ने काम भएको छ ।

अन्तिम तथा पाँचौ अध्यायमा शोधपत्रको आध्यायगत सारांश तथा प्रत्येक अध्यायमा समावेश गरिएका कुराहरुलाई सारांश रुपमा प्रस्तुत गरिएको छ । साथै निष्कर्ष र उपयोगितालाई अन्त्यमा प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

राधा कृष्ण धारावासीको एक चर्चित उपन्यास हो । मदन पुरस्कार प्राप्त कृति पनि हो । पुराणमा आधारित पात्र, घटना, परिवेश, भूगोल र समयकै वरिपरि केन्द्रित भएर लेखिएको

छ राधा उपन्यास । यस उपन्यासमा समाजमा नारीलाई हेर्ने दृष्टिकोण र नारीले भोग्नुपरेका विभिन्न समस्याहरुका साथै बाध्यात्मक परिस्थितिलाई सुगठित कथानक र पात्र प्रयोगद्वारा प्रस्तुत गरिएको यथार्थ चित्रण छ । जुन पुरातनवादी पुरुषप्रधान सोच युवापुस्ताका लागि परिवर्तन गर्न आवश्यक देखिन्छ । ताकी अब आगामी भविष्यका पुस्ताहरुले सुनौलो बिहानीझैं अस्तित्वपूर्ण जीवन बाँच्न सफल बन्न सकुन् ।

नेपाली समाजमा नारीहरु पुरुषहरुद्वारा निर्मित मूल्य मान्यताहरुमा अल्झिएर बस्न किन अझै पनि विवश छन् ? एक्काइसौं शाताब्दीसम्म आइपुग्दा पनि मानिसमा त्यो चेतना किन आउन सकेन ? यसको दोषी समाज हो कि व्यक्ति हो ? के यसको दोष व्यक्तिलाई मात्र दिएर उम्कन मिल्छ ? आदि प्रश्नहरुको उत्तर खोज्नु नै प्रस्तुत कृतिको आन्तरिक आशय बुझिन आएकोले यसका बारेमा चालिने कदम नै यस कृतिका लागि निष्कर्षहरु हुन् ।

## ५.३. उपयोगिता

'राधा' उपन्यास मदन पुरस्कार प्राप्त एक चर्चित कृति हो । धारावासीको प्रस्तुत उपन्यास राधाले आत्मकथाका रुपमा प्रस्तुत गरेका विचार र अनुभवहरुलाई समेटिएर लेखेका छन् । पूर्वीय दर्शनमा राधा र कृष्णको चरित्रसँग प्रेमका अनेक रुपहरुका चर्चा पुराण र महाभारतका ग्रन्थहरुमा भएपनि राधाका बारेमा विस्तृत अध्ययन कतै भेटिंदैन । वास्तवमा राधा र कृष्णको वास्तविक सम्बन्ध के हो ? भन्ने प्रश्नको जिज्ञासा मेटाउने काम 'राधा' (२०७०) उपन्यासले गरेको छ । साथै अत्यन्त ठूलो महत्व बोकाएकी राधाको विराट जीवनको खोजी यस उपन्यासमा गरिएको छ । यसमा प्रेम, यौन र युद्धलाई नजिकैबाट नियाल्न पाउने अवसर प्रदान गरिएको छ । साथै पुरुष र स्त्रीबीचको यौन चेतनामा देखा पर्ने असहजता र असन्तुष्टिलाई पनि स्पष्ट पारिएको छ । पुरातनवादी पुरुषप्रधान सोचले नारी माथि गरेका अस्तित्वहीन व्यवहारहरुलाई अत्यन्त कारुणिक र मार्मिक ढङ्गले प्रस्तुत गर्न सफल यस उपन्यासको प्रमुख पक्ष नै पात्रको चारित्रीक जीवन र त्यससँग सम्बन्धित ऐतिहासिक यथार्थिक कथा रहेकाले यसको उपयोगिता रहेको छ । अतः यस उपन्यासका केही उपयोगी पक्षहरुलाई निम्नलिखित तहबाट उल्लेख गर्नु बाच्छनीय देखिन्छ ।

### क) नीतिगत तह

यस उपन्यासले उठाएका यथार्थ चित्रणले मानवतावादी आदर्शलाई व्यङ्ग्य गरेको छ । नैतिक वा अस्तित्ववादी दृष्टिले हेर्नुपर्दा समाजका अन्धविश्वास मूल्यमान्यताहरुलाई परिवर्तन गर्दै आधा हिस्सा ओगटेको नारी अधिकार र उनीहरुको अस्तित्वको रक्षार्थ अब

कहिले सोच्ने ? यस्ता विषयवस्तुलाई विद्यालय तहबाट नै सन्देशमूलक शिक्षाका रुपमा मनोवाद, वादविवाद, रुपकका माध्यमबाट पाठ्यसामग्री बनाउँदै नीतिगत रुपमै कार्यन्वयनको तहमा लग्नु आवश्यक देखिन्छ ।

### ख) प्रयोगगत तह

शिक्षण संस्था भनेको विद्याको मन्दिर हो । यहाबाट दिइने शिक्षा समतामूलक हुने हुनाले सबै वर्ग र तहका व्यक्तिहरु समक्ष मानवीय दायित्वको बोध हुने हुँदा शिक्षकहरुले शिक्षा दिँदा नारी समानाता र अधिकारलाई प्रयोगकै तहबाट व्यवहारिक बनाउन सहयोग गर्नु यसको प्रभावकारी कदम हुनेछ ।

## ५.४.भावी अनुसन्धानका सम्भावित शीर्षकहरू

क) राधा उपन्यासको सामाजिक अध्ययन

ख) राधा उपन्यासको भाषिक विचलनको अध्ययन

ग) राधा उपन्यासको कथानक विश्लेषण